का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ पुस २०८२
शुक्रबार
9 January 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २३, अंक ३३० । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# अपमान सहँदै ज्येष्ठ नागरिक

*अपहेलित हुँदा ज्येष्ठ नागरिकले जीवनभर प्राप्त गरेको सिप र अनुभव पछिल्लो पुस्तामा हस्तान्तरण गर्न सकिरहेका छैनन् ।*



सबै प्रकारका मानव हक-अधिकारहरू नागरिकले स्वतन्त्र रुपमा उपभोग गर्न पाउनुपर्छ ।

■ **तपबहादुर मगर**
**अध्यक्ष,**
**मानवअधिकार आयोग**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ पुस

संविधानतः ज्येष्ठ नागरिक सम्मानित छन् । संविधानको धारा ४१ ले 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक' सुनिश्चित गरेको छ । संविधानको मर्मअनुसार ज्येष्ठ नागरिकको सम्मान, वृद्धावस्थामा हुन सक्ने समस्या र विभिन्न अप्ठ्यारा सम्बोधन गर्न ज्येष्ठ नागरिकसम्बन्धी ऐन कार्यान्वयनमा छ ।

तर, संविधानको मर्मअनुसार ज्येष्ठ नागरिकले सम्मानित जीवन बाँच्न नसकिरहेको र उनीहरू विभेद र अपमान सहन बाध्य रहेको राष्ट्रिय मानवअधिकार आयोगकै अध्ययनले औंल्याएको छ ।

मानवअधिकार आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालयको गत आर्थिक वर्षको काम कारबाहीसम्बन्धी प्रतिवेदन हालै सार्वजनिक भएको छ । १८ पुसमा प्रकाशित राष्ट्रिय मानवअधिकार आयोग लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगन्जको वार्षिक गतिविधि पुस्तिकामा भनिएको छ, 'ज्येष्ठ नागरिकको अधिकारका विषयमा संवैधानिक, कानुनी तथा संरचनात्मक व्यवस्थाका बाबजुद निजहरूको अधिकारको अवस्था सन्तोषजनक रहेको देखिँदैन ।'

लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगन्ज मातहत रहेका बाँके, बर्दिया, दाङ, रुकुमपूर्व, रोल्पा र

पृष्ठ २ मा

*ज्येष्ठ नागरिकलाई परिवारबाटै विभेद वा अपमानजनक व्यवहार हुँदा आवश्यक साथ सहयोग मिलेको छैन । राज्यले पनि सडकमा बेवारिसे ज्येष्ठ नागरिकको हेरचाह गर्न सकेको छैन ।*

# जेनजीले चाहेकै मोडालिटीमा प्रशासन

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २४ पुस

के तपाईं जिल्ला प्रशासन कार्यालय काठमाडौंमा सेवाग्राहीको फर्म भरिदिने वा कर्मचारीसँग सम्पर्क बढाएर सहज रूपमा काम गरिदिने बाहनामा बार्गेनिङ गर्दै हुनुहुन्छ ? यदि त्यसो हो भने आजैदेखि त्यस्ता बिचौलिया काम छोड्नुहोस् ।

जिल्ला प्रशासन कार्यालयले अपारदर्शी र बिचौलिया संलग्न यस्ता काममाथि निगरानी गर्न पिएस प्रणाली (पब्लिक अनाउन्समेन्ट सिस्टम) लागू गरेको छ । यदि प्रशासनमा कुनै बिचौलिया देखिए वा कुनै लेनदेनबारेमा छलफल भइरहेको शंका लागे पिएस प्रणालीमा हेरेर सिधै कारबाही गर्न सकिनेछ । सेवाग्राही नागरिकलाई छिटोछरितो र पारदर्शी सेवा प्रदान गर्ने उद्देश्यले पास प्रणाली एवं क्युआरसहितको टोकन प्रणालीको जडान गरिएको प्रजिअ ईश्वरराज पौडेलले जानकारी दिए ।

उनले बिहीबार पत्रकार सम्मेलन गरेरै जडान गरिएका प्रणालीले सेवाप्रवाहको ढाँचामै परिवर्तन देखिन थालेको बताएका छन् । 'यस प्रणालीअन्तर्गत एउटै कोठाबाट सबै कक्षको निगरानी गर्न सकिने व्यवस्था गरिएको छ,' पौडेलले भने, 'सोही स्थानबाट कर्मचारीलाई निर्देशन दिन पनि सकिन्छ । त्यसबाहेक अन्य शंकास्पद गतिविधि भएको पाइएमा अन द स्पोट कारबाही पनि हुन्छ ।' जेनजी पुस्ताले खोजेको, रोजेको र चाहेको सेवा मोडेलसँग मेल खानेगरी सेवा प्रदान हुने उनले बताए । 'जेनजीहरूको सुशासन, पारदर्शिता र छिटो छरितो सेवा हुनुपर्ने माग थियो । सोही मागअनुसारको मोडालिटीमा कार्यालयमा काम भइरहेको छ', पौडेलले भने ।





पिएस प्रणालीबाट सबै कक्षको निगरानी गर्न सकिने व्यवस्था गरिएको छ । शंकास्पद गतिविधि भए अन द स्पोट कारबाही हुन्छ ।

■ **ईश्वरराज पौडेल**
**प्रजिअ काठमाडौं**


यो प्रणालीका लागि कार्यालय परिसरका विभिन्न स्थानमा उच्च गुणस्तरका ७० वटा साउन्डसहितका सिसी क्यामेरा जडान गरिएको छ । 'आजका नागरिक प्रविधिसँग अभ्यस्त छन् । उनीहरू छिटोछरितो, पारदर्शी र झन्झटरहित सेवा चाहन्छन्,' उनले भने, 'त्यही मागलाई सम्बोधन गर्न पिएस प्रणाली ल्याइएको हो । विगतमा आगजनीजस्तो पीडादायक अवस्थाबाट गुज्रिएको प्रशासनले अहिले नयाँ भवनबाटै प्रविधिमैत्री सेवाको सुरुवात गरेको छ ।

त्यति मात्रै होइन, कार्यालयमा एउटा नागरिकता, राष्ट्रिय परिचयपत्रलगायतका फर्म भर्न दिनभर लाग्ने वाध्यता पनि हटेको छ । कार्यालयमा छिरेको बढीमा ३० मिनेटभित्रमा सेवाग्राहीको काम सम्पन्न हुने

पृष्ठ २ मा

# कांग्रेसमा नेतृत्व खोस्ने र जोगाउने अन्तिम कसरत

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २४ पुस



नेपाली कांग्रेसमा असन्तुष्ट पक्षले विशेष महाधिवेशन डाकेपछि महामन्त्री गगन थापाको अनामनगरस्थित सम्पर्क कार्यालयमा तयारी तीव्र छ। उता सानेपास्थित केन्द्रीय कार्यालयमा संस्थापननिकट नेताहरूको सक्रियता पनि बढेको छ । सानेपामा कार्यसम्पादन समिति र पदाधिकारी बैठक निरन्तर जारी छ । पार्टीका संस्थापन पक्षका नेताहरूको अनुहार मलिन देखिन्छ । धेरै नेताहरूले खुलेर बोलेका छैनन् भने पार्टी प्रवक्ता र केही पूर्वपदाधिकारीले दिएको प्रतिक्रियाले पार्टीभित्र पछिल्लोपटक देखिएको संकट समाधानमा आवाज बोलेको सुनिँदैन ।

अनामनगरमा चासो, असन्तुष्टि र नयाँ उत्साह लिएर जाने नेता कार्यकर्ता बाक्लिँदै छन् । सोही सचिवालयबाटै विशेष महाधिवेशनका लागि प्रतिनिधिको तथ्यांक संकलन, रुजु, व्यवस्थापन, प्रिन्टिङलगायतको काम भइरहेको छ । विशेष महाधिवेशन पक्षधर नेताहरूले दैनिकजसो पत्रकार सम्मेलनमार्फत अपडेट दिइरहेका छन् ।

संस्थापन पक्षका नेताहरुले विशेष महाधिवेशनको औचित्यमाथि प्रश्न उठाउँदै विशेष महाधिवेशनमा सहभागी प्रतिनिधिलाई रोक्ने रणनीतिमा छन् । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा कार्यसम्पादन समितिको बैठकमै जान छाडेर विशेष महाधिवेशनको माहोल तताउन खटिएका छन् ।

दुवैतर्फको तयारीले पार्टी सभापतिको कुर्सी खोस्ने र जोगाउने अंकगणितको खेल भइरहेको प्रस्ट देखिन्छ । वैधानिक तर्क-वितर्कका विषय आआफ्नै पक्ष र विपक्षमा बल पुऱ्याउनेगरी हुने गरेका छन् । गत १४औं महाधिवेशनका ४ हजार ७ सय ४३ प्रतिनिधिमध्ये विशेष महाधिवेशनको पक्षमा २ हजार ४ सय ८८ जनाले हस्ताक्षर गरेका छन् । सो हस्ताक्षरसहित विशेष महाधिवेशनको माग गर्दै गत असोज २९ गते कार्यवाहक सभापति पूर्णबहादुर खड्कामार्फत निवेदन दर्ता गराएका थिए । तर सो निवेदनका सन्दर्भमा पार्टीको केन्द्रीय समितिमा प्रवेश नै गराइएको छैन । विशेष महाधिवेशनको विषय छलफलमै नआएको र गत मंसिर १५ गते पार्टीले नियमित महाधिवेशनको निर्णय गरिसकेकाले विशेषको औचित्य समाप्त भएको संस्थापन पक्षको जिकिर छ ।

'बुधबार कार्यसम्पादन समितिको बैठकले समेत विशेष महाधिवेशनको औचित्य समाप्त भएको निष्कर्ष निकालेको छ,' कांग्रेस सहमहामन्त्री महेन्द्र यादवले भने, 'त्यहीअनुसार फागुन २१ मा हुने प्रतिनिधि सभाको निर्वाचनमा सबै तहका नेता कार्यकर्तालाई खट्न निर्देशन दिइसकेको र आमनिर्वाचन आइसकेकाले निर्वाचकै तयारीमा लाग्ने र निर्वाचनपछि पार्टीको महाधिवेशनमा जुट्ने पार्टीको आधिकारिक निर्णय छ ।'

तर, विशेष पक्षका नेताहरूले संस्थापनको सो निर्णय खारेज गरेको भन्दै महाधिवेशन तयारी तीव्र बनाएको हो । केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले विशेष महाधिवेशनको औचित्य समाप्त भएको भन्ने निर्णय नै बहुमत महाधिवेशन प्रतिनिधिले खारेज गरिदिएको बताए । 'विशेष महाधिवेश कसैको लहडमा नभई पार्टीको विधानको धारा १७ (२) अनुसार अनिवार्य गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयन गर्न लागिएको हो,' उनले भने, 'यो नै वैधानिक र आधिकारिक महाधिवेशन हुने भएकाले पार्टी सभापतिसहित शीर्ष नेताहरूले सम्बोधन गर्नुहुन्छ भन्ने विश्वासमा छौं ।

पृष्ठ २ मा

*दुवैतर्फको तयारीले पार्टी सभापतिको कुर्सी खोस्ने र जोगाउने अंकगणितको खेल भइरहेको प्रस्ट देखिन्छ ।*

**वैदेशिक रोजगार विशेष**

# इजरायलबाट आयो १४२ जना नेपाली कामदारको भिसा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ पुस

इजरायलका दीर्घकालीन स्याहार केन्द्रका लागि पछिल्लोपटक १ सय ४२ जना नेपाली सहायक कामदारको भिसा आएको छ । सरकारी तह (जिटुजी)का माध्यमबाट जाने उक्त रोजगारीमा यसअघि अत्यन्तै सानो संख्यामा भिसा आइरहेको अवस्थामा १ सय ४२ जनाको भिसा आउनुलाई ठुलै संख्या मानिएको छ ।

इजरायलका दीर्घकालीन स्याहार केन्द्रका लागि हाल ठुलो संख्यामा सहायक कामदारहरूको माग रहेको छ । तर सानो संख्यामा मात्रै नेपाली जान पाएका छन् ।

लगभग ७० हजार आप्रवासी सहायक कामदार रहेको इजरायलमा नेपालसहित भारत, श्रीलंका, फिलिपिन्स जस्ता एसियाली मुलुक र पूर्वी युरोपबाट जाने गरेका छन् । लगभग एकतिहाइ कामदार फिलिपिन्सबाट गएका छन् ।

इजरायलमा पछिल्ला दिनमा भारतबाट जाने क्रम उल्लेख्य बढेको छ । नेपालको छिमेकी भारतबाट उल्लेख्य मात्रामा हेरचाहकर्ता कामदार इजरायल जाँदा नेपाल भने सरकारी तहबाट मात्रै सानो संख्यामा पठाएर सन्तुष्टि लिएर रमाएको देखिन्छ ।

नेपाली भाषा बाहुल्यता रहेका भारतका सिक्किम, दार्जिलिङ, आसमबाहेक दक्षिणी राज्य केरलाबाट

पृष्ठ २ मा

## युके पठाउने भन्दै २८ लाख ठग्ने महर्जन पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि युके पठाइदिन्छु भन्दै २८ लाख रुपैयाँ ठगी गरेको उजुरीका आधारमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ललितपुर महानगरपालिका-१६ का अमन महर्जन रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

आकर्षक तलबको प्रलोभनमा पारी वैदेशिक रोजगारीका लागि युके लैजाने भन्दै

पृष्ठ २ मा


**Malaysia र UAE मा बैदेशिक रोजगारको अवसर**

**1. Veritas Security Force Sdn. Bhd., Malaysia**
पुर्व स्वीकृति मिति: २०८२/९/२४ चलानी नं.: ६०२५०३३७ LT No. 336833

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 50 | 0 | काममा दक्ष | 1700 | ६०,३४५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**2. Three65 Security And Cleaning Services L.L.C, UAE**
पुर्व स्वीकृति मिति: २०८२/९/२४ चलानी नं.: ६०२५०३३६ LT No. 336738

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 6 | 0 | काममा दक्ष | 1500 | ५८,८४०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Lifeguard/Pool Attendant | 2 | 0 | काममा दक्ष | 1200 | ४७,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ माघ २ गते (16 Jan., 2026) यस प्रा. लि. को कार्यालय भिमसेनगोला, काठमाडौंमा हुनेछ ।

**SAMPADA HR OVERSEAS PVT. LTD.**
Govt Lic. No.: 1738/081/82
Bhimsengola, Kathmandu, Tel. : 01-4502100, 9851070741, 9849335016, 9808204827,

**युएईमा वैदेशिक रोजगारीको अवसर**

कम्पनी : PASONS INVESTMENTS L.L.C शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०२/०७ चलानी नं.: ६०२३८२३३ LT. No.: 324303 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper /labours | 69 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales | 47 | 12 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,८८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता सेन्टर प्वाइन्ट होटेल विर्तामोड झापामा २०८२ पुस ३० गते (14 January 2026) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १ र २ गते (15 & 16 January 2026) मा हुनेछ ।

यसै कम्पनीको लागि Female Cashier, Waiter Male, Pot Wash, Supervisor, Housekeeping को पनि माग भई आएकोले नि:शुल्क परामर्शको लागि मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EMPOWER HUNTR H.R. SOLUTION PVT. LTD.** Gov. Lic No. 1150/073/074
(साबिक Empower Human Resources Management Pvt. Ltd)
Sinamangal -9, Near by Hope Hospital, Kathmandu, Nepal, Tel.: 01-4560541, 01-4588265
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901

**बेवास्तामा मौलिक हक**

# खाद्य र आवासविहीन नागरिकबारे सरकार बेखबर

**विमला ढकाल/मध्यान्ह**
काठमाडौं, २४ पुस

संविधानतः कुनै पनि नागरिक खाद्यको अभावमा रहे सरकारले त्यसको पूर्ति गर्नुपर्छ । कसैको बस्ने आवास छैन भने सरकारले आवासको प्रबन्ध गरिदिनुपर्छ । तर व्यवहारमा कसैले खानाका लागि समस्या भयो, बस्नका लागि ठाउँ भएन भनेर माग गर्ने ठाउँ कतै छैन । संविधानमै भएको मौलिक हक १० वर्षसम्म पनि किन लागू हुन नसकेको हो ? जवाफमा सरकारी अधिकारीहरू खाद्यसम्बन्धी, आवाससम्बन्धी मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुन नै बस्न नसकेको बताउँछन् ।

बिहीबार राष्ट्रिय मानवअधिकार आयोगले राजधानीमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ को कार्यान्वयनको सम्बन्धमा छलफल कार्यक्रम राखेको थियो । जहाँ सरोकारवालाहरूले खाद्यसम्बन्धी मौलिक हक कार्यान्वयन हुन नसक्नुको कारणमा आवश्यक नीति बन्न नसक्नु र नीति बनाउने विषय बेवास्तामा पर्नु रहेको औंल्याए ।

मानवअधिकार आयोगका सहसचिव यज्ञप्रसाद अधिकारीका अनुसार खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ को कार्यान्वयनको सम्बन्धमा अध्ययन नै गरिएको छ । अध्ययनले खाद्यसम्बन्धी मौलिक हक कार्यान्वयनका विभिन्न २३ वटा ऐन पुनरावलोकन नै गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

उनका अनुसार संविधानले सुनिश्चित गरेका मौलिक हक कार्यान्वयन गर्नमा धेरैको चासो नै गएको छैन । परिणाममा खाद्य तथा आवासविहीन नागरिकबारे सरकारसमेत बेखबर रहेको आयोगको निष्कर्ष छ ।

संविधानको धारा ३६ मा खाद्य सम्प्रभुताको हकसम्बन्धी व्यवस्था छ । जहाँ प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुने, खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने हक हुने भनिएको छ ।



संविधानको धारा ४२ मा सामाजिक न्यायको हकअन्तर्गत आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने उल्लेख छ ।

नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिअन्तर्गत कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्ने विषय छ । खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गरिने व्यवस्था छ । तर कार्यान्वयन हुन नसकेको भनेर आयोगले कानुनमै सुधार गरेर जानुपर्ने निष्कर्ष निकालेको हो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले मौलिक हक संविधानमा रहेको तर व्यवहारमा लागु हुन नसकेको बताए । उनका अनुसार खाद्यको विषय मानिसको स्वास्थ्य अधिकार, आवासको अधिकार, सम्मान र सहभागिताको अधिकारसँग समेत सम्बन्धित छ । यति महत्वपूर्ण हक कार्यान्वयनका लागि सरकार र सरोकारवाला सबैको सक्रियता आवश्यक रहेकोमा उनको जोड रहेको छ ।

साथै, अध्यक्ष मगरले खाद्य उत्पादनमा देशलाई आत्मनिर्भर बनाउनुपर्ने पनि बताए । 'संविधानले प्रदान गरेको सबै नागरिकको खाद्य अधिकारलाई पूरा गर्न नेपालमा उत्पादन बढाउनेगरी नीति बनाउनुपर्नेहुन्छ,' उनले भने ।

उनका अनुसार संविधानले ग्यारेन्टी गरेअनुसार हरेक नागरिकले सेवन गर्ने खाद्यमा विषादी पनि हुनुभएन, त्यसलाई पनि सरकारले निगरानीमा राख्नुपर्छ । प्रत्येक नागरिकले स्वच्छ खानेकुरा खान पाउनुपर्छ । तर व्यवहारमा यस्तो पाइँदैन ।

मानवअधिकार आयोगका सदस्य मनोज दुवाडीले मौलिक हक कार्यान्वयनमा लागि सरकार जिम्मेवार बन्नुपर्ने बताए । आयोगले दिएका सुझाव कार्यान्वयन गर्नुपर्ने आग्रह गरे ।

कार्यक्रममा कानुन न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा थिए । उनले पनि मौलिक हक कार्यान्वयन हुन नसकेको स्वीकार गरे । कानुन बनाउने जिम्मेवारी संसद् र सरकारको रहेको भन्दै उनले आगामी निर्वाचनमा एउटा कानुन बनाउन पाँच वर्ष लगाउनेहरूलाई भोट नदिन आग्रह गरे ।



> एउटा कानुन बनाउन पाँच वर्ष लगाउने, त्यसको प्रत्यायोजित विधायन बनाउन अर्को पाँच वर्ष लगाउनेहरूले अब भोट पाउँदैनन्
>
> **अनिलकुमार सिन्हा**
> **कानुन मन्त्री**

जनताप्रति उत्तरदायी र जिम्मेवारीबोध भएका जनप्रतिनिधि चुन्न आग्रह गर्दै उनले त्यसो हुन सके संविधानले परिकल्पना गरेअनुसारको कानुन बन्ने र मौलिक हक कार्यान्वयनमा आउन सक्ने विश्वास व्यक्त गरे ।

उनले भनेका छन्, 'एउटा कानुन बनाउन पाँच वर्ष लगाउने, त्यसको प्रत्यायोजित विधायन बनाउन अर्को पाँच वर्ष लगाउनेहरू छन् भने भोट खसाल्न हात काम्नुपर्छ । यो मौका अब नागरिकलाई आएको छ ।' जेनजी आन्दोलनले योग्य जनप्रतिनिधि छान्ने मौका दिएको उनले बताए ।

संयुक्त राष्ट्र संघले सन् २०३० सम्म हासिल गर्नेगरी निर्धारण गरिएका दिगो विकासका १७ लक्ष्यमध्ये दिगो विकास लक्ष्य २ अन्तर्गत भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने उल्लेख छ । यस लक्ष्यअन्तर्गत सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षभरि पहुँच सुनिश्चित गर्ने लक्ष्य छ ।

यो लक्ष्यअनुसार काम गर्न र खाद्यसम्बन्धी मौलिक हक कार्यान्वयन गर्नसमेत नीतिगत सुधार आवश्यक रहेकोमा सरोकारवालाको जोड रहेको छ ।

**अपमान...**

प्युठानसहितका ६ जिल्लामा सम्पन्न भएका काम कारबाही र मानवअधिकार अवस्थाको विश्लेषण गर्दै प्रतिवेदनले औंल्याएको छ, 'राज्यबाट नीति तथा कार्यक्रम, कानुनी व्यवस्थामा समेत सामाजिक सुरक्षा भत्ता, उपचार सुविधा तथा अन्य सहुलियतको व्यवस्था गरिएकोमा सामाजिक सुरक्षा भत्ता पाउँदै आएको भए पनि निःशुल्क उपचार सुविधा तथा अन्य सहुलियत सुविधाको विषयमा अहिले पनि पूर्णतया कार्यान्वयन हुन सकेको छैन ।'

मानवअधिकारको अवस्था, उपलब्धि, समस्या, चुनौती र समाधानका उपायबारेको अध्ययनले ज्येष्ठ नागरिकको अवस्था सन्तोषजनक नरहेको निचोड निकालेको हो ।

ज्येष्ठ नागरिकको अवस्था शीर्षकअन्तर्गत भनिएको छ, 'ज्येष्ठ नागरिकलाई परिवारवाटै विभेद वा अपमानजनक व्यवहार हुँदा आवश्यक साथ सहयोग परिवारबाट नमिलेको, ज्येष्ठ नागरिक परिवारको अपहेलनाका कारण वृद्धा आश्रममा बस्नुपर्ने बाध्यता हुने गरेको, राज्यले सडकमा बेवारिसे अवस्थामा रहेका ज्येष्ठ नागरिकको उचित हेरचाह गर्न नसकेको र सामाजिक संघ, संस्थाहरूकै भरमा पर्नुपरेको अवस्था रहेको छ ।' आयोगका अनुसार अपहेलित हुँदा ज्येष्ठ नागरिकहरूले जीवनभर प्राप्त गरेको सिप र अनुभव पछिल्लो पुस्तालाई हस्तान्तरण गर्न सकिरहेका छैनन् ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगर नेपालको संविधान, कानुन तथा नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुमा निहित हक-अधिकारहरु नागरिकले स्वतन्त्ररुपमा उपभोग गर्न पाउनु पर्दछ भन्नेमा आयोग प्रतिवद्ध रहेको छ ।

उनले प्रतिवेदनमा शुभकामना सन्देश राख्दै भनेका छन्, 'सबै प्रकारका मानव हक-अधिकारहरु नागरिकले स्वतन्त्ररुपमा उपभोग गर्न पाउनु पर्दछ ।'

उनका नजरमा मानव अधिकार उल्लंघनका घटनाहरु हुन नदिन, राज्यका संयन्त्रहरुलाई मानव अधिकारको सुनिश्चितताका लागि जवाफदेही बनाउन तथा मानव अधिकार संस्कृतिको निर्माण गर्न सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत निकायहरुको समन्वय सहकार्य र साझेदारी अपरिहार्य छ ।

**जेनजीले...**

उनको दाबी छ । सेवा लिन आउने सेवाग्राहीले कार्यालय प्रवेश गरेपछि सबैभन्दा पहिले आफ्नो कागजात प्रारम्भिक रुजु गराउँछन् । त्यसपछि आफूले लिन चाहेको सेवाका आधारमा क्युआर कोडसहितको टोकन प्राप्त गर्छन् । सोही टोकनका आधारमा सम्बन्धित शाखाबाट पालोअनुसार सेवा प्रदान गरिन्छ । गृहमन्त्री ओमप्रकाश अर्यालले प्रशासनको पास एवं क्युआरसहितको टोकन प्रणालीको गत शुक्रबार उद्घाटन गर्ने क्रममा पनि जेनजी पुस्ताले चाहेको जस्तो सेवा सुविधा भएको बताएका थिए । जेनजी पुस्तालाई मानव अधिकारको सम्मान, भ्रष्टाचार नियन्त्रण र पारदर्शिताका सवालमा परिपक्व र जिम्मेवार ढंगले प्रस्तुत हुन पनि उनले सुझाव दिएका थिए । 'जेनजी पुस्ताले जनआन्दोलनबाट देखाएको अग्रसरताले नेपालमा यो परिवर्तन जुन भएको छ । यसलाई हामीले हाम्रो सही आचरणबाट संस्थागत गर्न सक्यौं र व्यवहारमा देखाउन सक्यौं भने नेपाल वास्तवमै जेनजी आन्दोलनको गुरुराष्ट्र बन्न सक्छ,' उनले भने ।

**कांग्रेसमा...**

विशेष महाधिवेशनको औचित्य समाप्त भयो भन्ने निर्णय नै हामीले खारेज गरिदिएका छौं ।' ५५ प्रतिशत महाधिवेशन प्रतिनिधिले बोलाएको महाधिवेशनले पार्टी फुटाउनेभन्दा पनि यसले पार्टीलाई थप बलियो बनाएर एक्लै चुनाव लड्न सक्ने बनाउने उनको जिकिर छ ।

पार्टीको १५औं आवधिक महाधिवेशन सारिएपछि देखिएका यी दृश्यले कांग्रेसलाई विभाजन उन्मुख लगेको प्रस्ट संकेत गरेको छ । तर विशेष महाधिवेशनको तयारी गरेको महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले आफू विष सेवन गरेर भए पनि पार्टी विभाजन हुन नदिने दृढता व्यक्त गरेका छन् । तर उनीहरूले त्यसो भन्दै गर्दा विशेष महाधिवेशनको अभियान चलाएका नेताहरूले पुस २७-२८ मा हुने विशेष महाधिवेशनलाई नेतृत्व परिवर्तनकै महाधिवेशनका रूपमा लानुपर्ने दबाब बढाएका छन् । विधानअनुसार केन्द्रीय समितिको चारवर्षे कार्यकाल पूरा गरेको वर्तमान कार्यसमितिले यही पुसमा आवधिक महाधिवेशन गर्नुपर्ने थियो । यद्यपि विधानले दिएको एक वर्ष कार्यकाल थप्ने सहुलियतलाई उपयोग गर्दै पार्टीको महाधिवेशन २०८३ मंसिरमा सार्ने विषयमा सभापति-महामन्त्रीदेखि सबै केन्द्रीय सदस्य राजी थिए । अचानक जेनजी आन्दोलन भयो र राज्यसत्ता कब्जासँगै सारा भौतिक संरचना ध्वस्त भएसँगै पुराना पार्टीहरूमा एकाएक पुनर्संरचनाको आवाज उठेको छ । त्यसको सबैभन्दा ठुलो प्रभाव पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेसलाई परेको छ । जेनजी आन्दोलनपछिको राजनीतिक उथलपुथलले सबै दलमा पुनर्संरचनामार्फत नयाँ नीतिसहित नयाँ नेतृत्वको माग भएको नेता गुरुराज घिमिरेले बताए । उनले भने, 'कांग्रेसलाई जनताको भरोसायोग्य पार्टी बनाउन जेनजी आन्दोलनको भावना समेटेर नयाँ नेतृत्वसहितको नयाँ नीति लिएर चुनावमा जानुपर्नेछ त्यसका लागि आवधिक महाधिवेशन हुन नसकेकाले विशेष महाधिवेशन अनिवार्य भएको हो ।'

विशेष महाधिवेशनमा ५१ प्रतिशत ल्याएर नेतृत्व नै फेर्नेगरी तयारी गरे पनि अझै कति प्रतिनिधि आएछन् भन्ने विशेष पक्षलाई यकिन छैन । औपचारिक रूपमा ५५ देखि ६० प्रतिशत सहभागी गराउने दाबी गरेका छन् । तर विशेष पक्षकै कतिपय नेताहरूले संख्या पुर्‍याउन कठिन देखेका छन् । 'पार्टी केन्द्रीय समितिका ८/१० जना नेताबाहेक सबैले प्रतिनिधि रोक्न लागेका छन् ।' विशेष पक्षकै एक नेताले भने, 'संस्थापन पक्ष मात्रै नभई इतरसमूहका नेता डा. शेखर कोइरालासमेत प्रतिनिधि रोक्ने लागेकाले निर्णायक तहमा पुग्न संख्या नपुग्न सक्छ । त्यसो हुँदा विशेष भेलाका रूपमा रूपान्तरण गरेर नीतिगत विषयमा छलफल गरेर जान सकिन्छ ।'

**काउन्टर प्रतिस्पर्धा**

विशेष महाधिवेशन पक्षका नेताहरूले सचिवालय खडा गरेर विभिन्न उपसमिति नै बनाएर बढीभन्दा बढी महाधिवेशन प्रतिनिधि सहभागी गराउन प्रयत्न गरिरहँदा संस्थापन पक्षका नेताहरूले प्रतिनिधि रोक्ने अनेकन हतकण्डा प्रयोग गरेका छन् । पार्टीले सबै तहका समितिलाई विशेष महाधिवेशनको औचित्य सकिएकाले कोही पनि सहभागी नहुन सर्कुलर गरेको छ । तर विशेष पक्षले एक/एक महाधिवेशन प्रतिनिधिलाई फोन गरेर बोलाइरहेका छन् । जिल्लाजिल्लाबाट आफ्ना समर्थकमार्फत तथ्यांक संकलन भइरहेको नेता प्रतिमा गौतमले बताइन् । 'गत हस्ताक्षर गरेकामध्ये केही साथीहरूले फिर्ता लिएको भने पनि अधिक संख्यामा वृद्धि भइरहेको छ,' उनले मध्यान्हसँग भनिन् ।

पुसको २७ र २८ मा भृकुटीमण्डपमा राखिएको वशेष महाधिवेशनलाई प्रभावित बनाउन संस्थापन पक्षले २७ गते युवा भेला र २८ गते जिल्ला सभापतिको भेला राखेको छ । कतिपय नेताहरूले यसलाई विशेष पक्षले कोरम नपुर्‍याए पनि पुर्‍याएको भनेर पार्टी कार्यालय नै कब्जा गर्न सक्ने अवस्थालाई ख्याल गरेर रणनीतिक रूपमा युवा तथा जिल्ला सभापति भेला बोलाइएको जनाएका छन् । बिहीबार बिहान देउवा निवास महाराजगन्जमा देउवा भेट्न पुगेका नेपाल विद्यार्थी संघका अध्यक्ष दुजाङ शेर्पा, महिला संघका अध्यक्ष उषा राउत मिश्र, किसान संघका अध्यक्ष गणेश तिमिल्सिना र तरुण दलका अध्यक्ष विद्वान गुरुङलाई बोलाएर पुस २७ गते युवा भेला गर्ने सभापतिले नै निर्देशन दिएको सहभागी भ्रातृ संगठनका नेताहरूले बताएका छन् । उनीहरूले विशेष महाधिवेशनको काउन्टरभन्दा पनि युवाको भेला बोलाएर चुनावी रणनीति बनाउने तयारी गरेको बताएका छन् । भेटमा सभापति देउवाले पार्टीलाई एकताबद्ध राख्ने प्रयास गर्न भ्रातृ संस्थाका अध्यक्षलाई निर्देशन दिएका थिए । 'पार्टीलाई एकताबद्ध राख्ने प्रयास गर्नुहोला भनेर सभापतिले भन्नुभयो,' तरुण दलका अध्यक्ष विद्वान गुरुङले भने ।

**कार्यसम्पादन बैठकमा गगनको असन्तुष्टि**

पार्टीको कार्य सम्पादन समिति र पदाधिकारी बैठकमा फरक मत राख्दै विशेष महाधिवेशनको तयारीलाई प्राथमिकता दिएका महामन्त्री गगन थापाले बिहीबार भएको कार्यसम्पादन समितिको बैठकमा समेत अन्तुष्टि पोखे । पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको कार्यसम्पादन समिति बैठकमा महामन्त्री थापाले भने, 'नियमित महाधिवेशनको क्यालेन्डर घोषणा भएपछि विशेष महाधिवेशनको अर्थ रहँदैन भन्नु मागको आधारभूत कुरालाई नै बिर्सिनु हो । चुनावभन्दा पहिले नै नेतृत्व फेर्ने मागलाई नियमित अधिवेशनको अल्झो हालेर पन्छाउन मिल्दैन ।'

महामन्त्री थापाले प्रक्रियामा छिर्न नचाहनु पार्टीलाई घातक हुने बताए । उनले भने, 'प्रक्रियामा छिर्न नचाहेर अवैधानिक गर्न खोज्नु घातक हुन सक्ने बताए । पार्टी कार्यकर्तालाई दुई भागमा बाँड्ने स्थिति सिर्जना गर्न नहुने उनको भनाइ छ । 'विशेष महाधिवेशनको मञ्चमा आउने सबै हाम्रै कार्यकर्ता हुन्, यसले पार्टीलाई दुई भागमा बाँड्ने स्थिति सिर्जना नगरोस्,' महामन्त्री थापाले भने । आसन्न प्रतिनिधि सभा निर्वाचनअघि पार्टीको नेतृत्व परिवर्तन गर्न विशेष महाधिवेशन आवश्यक रहेको थापाको भनाइ छ । पार्टी विधानको व्यवस्था र वर्तमान राजनीतिक परिस्थिति विश्लेषण गर्दै महामन्त्री थापाले नियमित महाधिवेशनको कार्यसूची घोषणा भएकै आधारमा विशेष महाधिवेशनको औचित्य समाप्त नहुने थापाले बताए । थापाले पछिल्लो एक हप्तामा पार्टीका करिब २ हजार नेता कार्यकर्तासँग भेटेर विशेष महाधिवेशनका पक्षमा कन्भिन्स गरेको उनीनिकट नेताहरूले दाबी गरेका छन् ।

**इजरायलबाट...**

ठुलो संख्यामा भारतीयहरू इजरायलमा सहायक हेरचाहकर्ताको रोजगारीमा छन् । इजरायलमा रहेको भारतीय दूतावासका अनुसार हाल इजरायलमा लगभग १८ हजार भारतीय नागरिक केयरगिभरमा कार्यरत छन् । नेपालीको संख्या भने ४ हजार ५ सयको हाराहारीमा रहेको त्यहाँस्थित नेपाली दूतावासको भनाइ छ ।

नेपालले वर्षौंदेखि इजरायलमा केयरगिभरका रूपमा कामदार पठाउँदै आएको छ । गत वर्ष प्यालेस्टिनी आतंकवादी समूह हमासले आक्रमण गरेपछि इजरायलमा केयरगिभरको माग तीव्र रूपमा बढेको हो । तर प्रक्रियामा ढिलाइ हुँदा नेपाली कामदारहरू योग्य हुँदाहुँदै पनि आकर्षक मानिएको उक्त रोजगारीको पहुँचमा पुग्न नसकेको विज्ञहरू बताउँछन् ।

सरकारले ठगी बढ्ने भन्दै निजी क्षेत्रलाई कामदार पठाउने अनुमति दिएको छैन । तर भारत, श्रीलंका, थाइल्यान्ड र युएईको घुमाउरो बाटो प्रयोग गरेर भिजिट भिसामा इजरायल पुगेका केही नेपालीहरूले वैधानिक रूपमा त्यहाँको कृषि क्षेत्रमा काम गरिरहेको इजरायल पुगेर फर्केकाहरू बताउँछन् ।

इजरायलमा कृषि र केयरगिभरको प्रशस्त अवसर भएका कारण नेपाल सरकारले सरकारी तहबाट मात्रै पठाउने नीति परिवर्तन गरेर कडा मापदण्ड तोकेर निजी क्षेत्रलाई कृषि र केयरगिभरको रोजगारीमा कामदार पठाउने अनुमति दिए सधैंभरि खाडी मुलुक र मलेसिया वा बिचौलियालाई ठुलो रकम दिएर अवैधानिक रूपमा पूर्वी युरोप छिर्ने बाध्यता कम हुने कतिपयको भनाइ छ । इजरायलको नियमानुसार हप्ताको ६ दिन ४२ घण्टा र अतिरिक्त समय काम गर्दा थप पारिश्रमिक पाउने अवसर समेत रहेको छ । नेपाली कामदारले मासिक तलब नेपाली झन्डै दुई लाख रुपैयाँभन्दा केही बढी हुने गरेको छ ।

**युके...**

३ जनालाई लामो समयसम्म झुक्यानमा राखेर विदेश नपठाई सम्पर्कविहीन भएको भन्दै पीडितहरूले दिएको जाहेरीका आधारमा उनलाई पक्राउ गरेको प्रहरीले बताएको छ ।

भक्तपुर मध्यपुर थिमि नगरपालिका वडा नं. २ बाट पक्राउ परेका महर्जनलाई वैदेशिक रोजगार ऐनअनुसार थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।

**कतारमा रोजगार**

कम्पनी: TIMBER CONTRACTING AND CLEANING — शहर: QATAR,DOHA
पूर्व स्वीकृत मिति : २०८२/०६/२२ — चलानी नं.: ६०२४५६७२ — LT. No.: 331973 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४३,३०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Worker | 2 | 0 | | 1100 | ४३,३०७ | | | | | | | |
| 3. | Technician Electrician | 2 | 0 | | 1500 | ५९,०५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २ गते (16 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४५८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

**UAE मा रोजगार**

कम्पनी: APEX ALWATANIAH CATERING SERVICES LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/२७ — चलानी नं.: ६०२३२७५४ — L.T. No.: 318581 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Male) | 39 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३५१६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Helpers | 48 | 0 | | 900 | ३५१६३ | | | | | | | |
| 3. | Tea Boy | 50 | 0 | | 1100 | ४२९७७ | | | | | | | |
| 4. | Waiter | 50 | 0 | | 1200 | ४६८८४ | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ माघ २ गते (16 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

## Invitation For Bids

# Kispang Rural Municipality
# Office of Rural Municipal Executive

**Kahule, Nuwakot**
**Bagmati Province , Nepal**

**Invitation For Sealed Quotation**
**(Electronic Bid Only)**

**Date of Publication: 2026/01/09**

Kispang Rural Municipality, Office of Rural Municipal Executive Kispang-3, Kahule, Nuwakot invites electronic Sealed Quotation from Eligible Bidders for the following supply and delivery of goods. Eligible bidders may obtain further more information and inspect the Sealed Quotation forms through PPMO e-GP system www.bolpatra.gov.np.

| Contract No | Description | Estimate Amount Without VAT | Bid Security Amount | Price of Bid Documents | Last Date of Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|
| KRM/SQ/GOODS/ 02/2082/83 | Procurement of Veterinary Medicine | NRS: 1099972 | 30000 | 1000 | 25-01-2026 12:00 PM | 25-01-202612:10 PM | Second Notice |
| KRM/SQ /GOODS/ 03/2082/83 | नियमित बाली संरक्षण प्राङगारिक/रासायनिक विषादी/सामाग्री खरिद | NRS:799000 | 22000 | 1000 | 25-01-2026 12:00 PM | 25-01-2026 12:10 PM | First Notice |

**Chief Administrative Officer**

## निर्वाचन सुरक्षा

# एक महिना अघिदेखि फिल्डमा सेना



- ८० हजार सेना परिचालन गरिने
- १ लाख ३३ हजार 'निर्वाचन प्रहरी' भर्ना गरिँदै
- प्रहरीको निर्वाचन सुरक्षा केन्द्रित गतिविधि तीव्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ पुस

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको सुरक्षा व्यवस्थालाई लिएर देशभर बहस चर्किँदै गएको छ ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि विभिन्न कारागारबाट फरार भएका कैदीहरू अझै पूर्ण रूपमा पक्राउ नपरेको तथा लुटिएका सबै हतियार बरामद नभइसकेको अवस्थालाई देखाउँदै प्रमुख राजनीतिक दलहरूले निर्वाचनको सुरक्षा चुनौतीपूर्ण रहेको भन्दै प्रश्न उठाइरहेका छन् ।

नेकपा एमालेसहित केही दलहरूले 'सुरक्षा अवस्था कमजोर रहँदा सरकारले कसरी निर्वाचन गराउँछ ?' भन्ने आशंका सार्वजनिक रूपमा व्यक्त गरेका छन् ।

तर सरकार भने निर्वाचन सम्पन्न गर्न आवश्यक वातावरण बनिसकेको दाबी गर्दै आएको छ । सरकारले निर्वाचनका लागि आवश्यक सुरक्षा रणनीति निर्माणको काम अन्तिम चरणमा पुगेको बताउँदै सबै सुरक्षा निकायलाई समन्वयात्मक रूपमा परिचालन गरिने स्पष्ट पारेको छ ।

यसैबीच, नेपाली सेनाले प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै करिब ८० हजार जनशक्ति परिचालन गर्ने तयारी गरेको जनाएको छ । सेनाका सहायक रथी तथा प्रवक्ता राजाराम बस्नेतका अनुसार निर्वाचनका लागि तयार गरिएको 'एकीकृत सुरक्षा योजना-२०८२' सरकारबाट अनुमोदन भई राष्ट्रपतिबाट समेत स्वीकृत भइसकेको छ । सोही योजनाअनुसार निर्वाचन अवधिभर सेनाको परिचालन हुने उनले जानकारी दिए ।

'एकीकृत सुरक्षा योजनाले मार्गदर्शन गरेअनुसार निर्वाचनको करिब एक महिना अघिदेखि नै नेपाली सेना फिल्डमा परिचालन हुनेछ,' प्रवक्ता बस्नेतले भने । उनका अनुसार सेनाको परिचालनसम्बन्धी निर्णय राष्ट्रिय सुरक्षा परिषद्‌बाट पनि स्वीकृत भइसकेको छ ।

निर्वाचन सुरक्षाका लागि नेपाली सेनाले तीन चरणमा जिम्मेवारी निर्वाह गर्ने योजना बनाएको छ । निर्वाचनपूर्व चरणमा मतपत्र छपाइको सुरक्षा, विमानस्थल, कारागार तथा अन्य महत्वपूर्ण संरचनाको सुरक्षा सेनाले गर्नेछ । यसका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसँग सहकार्य र समन्वयमा काम गरिने जनाइएको छ ।

निर्वाचन प्रक्रियालाई व्यवस्थित र सुरक्षित बनाउन चार वटै सुरक्षा निकाय, जिल्ला प्रशासन र स्थानीय तहसँगको सहकार्यमा तल्लो तहसम्म एकीकृत तालिम तथा अभ्यास सञ्चालन गरिने सेनाले जनाएको छ । निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न ती तालिम तथा अभ्यास उपयोगी हुने सेनाको विश्वास छ ।

मतदानका दिन नेपाली सेना तेस्रो सुरक्षा घेरामा रहनेछ । मतदान केन्द्र र निर्वाचन स्थलमा खटिँदा सेना राजनीतिक दल, उम्मेदवार, मतदाता र निर्वाचनमा संलग्न कर्मचारीलाई पूर्ण सुरक्षा प्रत्याभूति दिलाउने भूमिकामा रहने जनाइएको छ । विगतका निर्वाचनमा जस्तै यसपटक पनि देशका विभिन्न स्थानमा सुरक्षा बेस (पोस्ट) स्थापना गर्ने तयारी सेनाले गरेको छ ।

मतदान सम्पन्न भएपछि मतपेटिका ढुवानीदेखि मतगणनास्थलको सुरक्षा जिम्मेवारीसमेत नेपाली सेनाले सम्हाल्नेछ । निर्वाचनलाई भयमुक्त वातावरणमा सम्पन्न गर्ने उद्देश्यले प्रदेशस्तरमा सुरक्षा गोष्ठीहरू सञ्चालन भइरहेका छन् । ती गोष्ठीबाट प्राप्त सुझावका आधारमा परिस्थितिको मूल्यांकन र विश्लेषण गर्दै सरकारले थप सुरक्षा प्रबन्ध मिलाउने तयारी गरेको छ ।

सबै सुरक्षा निकाय, स्थानीय प्रशासन र जनप्रतिनिधिबीचको समन्वय र सहकार्यमा निर्वाचन सुरक्षा राज्यको प्राथमिक जिम्मेवारी भएको भन्दै त्यसका लागि आफूहरू पूर्ण रूपमा तयार रहेको नेपाली सेनाले स्पष्ट पारेको छ ।

उता, नेपाल प्रहरीले पनि निर्वाचन सुरक्षालाई केन्द्रमा राखेर गतिविधि तीव्र बनाएको छ । प्रहरी महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीले आसन्न निर्वाचनलाई ध्यानमा राख्दै देशभरका प्रहरी इकाइहरूलाई सुरक्षा संवेदनशीलतासम्बन्धी निर्देशन दिएका छन् । प्रहरी प्रधान कार्यालयबाट भर्चुअल माध्यममार्फत उनले समसामयिक सुरक्षा चुनौती, प्रहरी गतिविधि र कार्यसम्पादनका विषयमा निर्देशन दिएका हुन् ।

आइजिपी कार्कीले निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न आवश्यक सबै सुरक्षा रणनीति अवलम्बन गरी कार्यान्वयन गर्न निर्देशन दिएका छन् । साथै, आ-आफ्नो कार्यक्षेत्रमा स्थानीय तह, सरोकारवाला निकाय र समुदायसँग समन्वय गरी व्यावसायिक, उत्तरदायी र जवाफदेही प्रहरी सेवा प्रवाह गर्नुपर्नेमा उनले जोड दिएका छन् ।

समाजमा देखिएका सुरक्षा चुनौतीको सामना गर्न प्रभावकारी सुरक्षा रणनीति तयार गरी प्रहरी परिचालन गर्न निर्देशन दिँदै उनले अपराधविरुद्ध कडाइका साथ उत्रिन सबै प्रहरी कर्मचारीलाई आग्रह गरेका छन् । पारदर्शी र वस्तुनिष्ठ अपराध अनुसन्धान, हातहतियार बरामद र फरार प्रतिवादी पक्राउलाई प्राथमिकतामा राखेर काम गर्न उनले निर्देशन दिएका छन् ।

भर्चुअल रूपमा आयोजित उक्त कार्यक्रममा काठमाडौं उपत्यका प्रहरी कार्यालय, सातै प्रदेश प्रहरी कार्यालय, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, प्रदेश प्रहरी तालिम केन्द्र, विशेष सुरक्षा गण, प्रदेश तथा जिल्ला प्रहरी गण र मातहत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

यसैबीच, नेपाल प्रहरीले आगामी प्रतिनिधि सभा निर्वाचनका लागि ठूलो संख्यामा म्यादी प्रहरी भर्ना प्रक्रिया अघि बढाएको छ । प्रहरी प्रधान कार्यालय मानवस्रोत विकास विभाग (भर्ना छनोट शाखा)ले १ लाख ३३ हजार ९८० जना 'निर्वाचन प्रहरी' भर्नाका लागि दरखास्त आह्वान गरेको जनाएको छ । सुरक्षा चुनौतीलाई व्यवस्थापन गर्दै तोकिएको मितिमै निर्वाचन सम्पन्न गरिने सरकारको दाबी छ ।

# प्रधानमन्त्री कार्की र ओलीबीच निर्वाचन लक्षित छलफल





**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्की र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच भेटवार्ता भएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री कार्की र अध्यक्ष ओलीबीच बिहीबार बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म भेटवार्ता भएको हो ।

तीन घण्टा लामो भेटवार्ताको क्रममा आगामी राष्ट्रिय सभा र प्रतिनिधिसभा निर्वाचनबारे छलफल भएको बालुवाटार स्रोतले बताएको छ ।

छलफलमा ओलीले प्रधानमन्त्री कार्कीलाई निर्वाचन शान्त, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न आग्रह गरेका थिए । प्रधानमन्त्रीले ओलीलाई दुवै निर्वाचन भयरहित वातावरणमा सम्पन्न हुने आश्वस्त पारेको स्रोतले बतायो ।

यसअघि प्रधानमन्त्री कार्की, कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष ओली र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'बीच राष्ट्रपति रामचन्द्र पौडेलको रोहबरमा शीतल निवास भेटवार्ता भएको थियो । त्यसलगत्तै बालुवाटारमा उनीहबीच पुनः भेटवार्ता भएको थियो । त्यसपछि ओलीले बिहीबार प्रधानमन्त्री कार्कीसँग छुट्टै भेटवार्ता गरेका हुन् ।


**मुड्केचुला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नर्कु, डोल्पा**
**कर्णाली प्रदेश नेपाल**

**ठेक्का स्वीकृति गर्ने आशयको सूचना**

**प्रथम पटक सूचना) प्रकाशित मिति २०८२/०८/२५**

यस गाउँपालिकाको मिति २०८२/०८/०९ गते नागरीक रास्ट्रिय दैनिक पत्रिकामा पहिलो पटकको सूचना अनुसार बोलपत्र आहावान भइ तोकिएको म्याद भित्र बोलपत्र प्रस्ताव दर्ता गर्ने निर्माण कम्पनिहरुबाट मिति २०८२/०९/११ गतेमा प्रस्ताव खोली मुल्याङकन गर्दा तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावकारी भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ ।

| ठेक्का नं. | ठेकेदारको नाम | योजनाको नाम | भ्याट र पि.एस.सहित कबोल अंक रु. |
|---|---|---|---|
| MRM/NCB/ WORKS/03-2082/083 | नारायण निर्माण सेवा,कालिका-५, डोल्पा | Construction of dhal nikaskarya Sura, Sarmi and Okta in Mudkechula-05, 07,08 Dolpa. | ६६,३५,८९८.८१ |
| MRM/NCB/ WORKS/04-2082/083 | कान्जीरोवा निर्माण सेवा,से फोक्सुण्डो -९, डोल्पा | Construction of Tatabandhan-Karyailla, Narku & Horta in Mudkechula-04, 06, 09 Dolpa. | ४३,९१,२९९.८ |

**प्रमुख प्रशासकीय अधिकृत**



**हेलम्बु गाउँपालिका**
༄༅། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །
**गाउँ कार्यपालिकाको कार्यालय**
**हेलम्बु, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र तथा सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना ।**

**(सूचना प्रकाशित मितिः २०८२/०९/२५)**

यस हेलम्बु गाँउपालिकाको आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्यहरू बोलपत्र तथा सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएको ठेक्काहरूको लागि इच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायीहरूले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मार्फत तोकिएको समयभित्र रितपूर्वक बोलपत्र तथा सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| S N | IFB No. | Description of works | Bid Security Amount (NRs.) | Price of Bid Document | Estimate cost including PS but without VAT & Contingencies (NRs.) | Submission Deadline | Bid Validity Period (Days) |
|---|---|---|---|---|---|---|---|
| 1 | 05-06-082-83-NCBG-HRM | Supply and installation of smartboard in community schools of Helambu | 1,50,000.00/- | 3000.00/- | 50,82,000.00/- | 2082-10-25 | 90 |
| 2 | 05-07-082-83-SQW-HRM | Upgradation of Ichwok Health post, Helambu | 40,000.00/- | 1000.00/- | 13,25,266.87/- | 2082-10-11 | 45 |
| 3 | 05-08-082-83-NCBW-HRM | Construction of Sera Labha Gaun Golphu Bhanjyang Chisapani Road, Helambu RM-4 Sindupalchok | 70,000.00/- | 3000.00/- | 22,15,456.37/- | 2082-10-25 | 90 |


# चितवनका युवा व्यवसायीले कतारमा सञ्चालनमा ल्याए 'किङ भाइरल मोबाइल सप'



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २४ पुस

नेपालीहरूको व्यावसायिक हवको रूपमा परिचित कतारको सनैया क्षेत्रको प्लाजा मलमा युवा व्यवसायी श्याम पाण्डेले मोबाइल पसल सञ्चालनमा ल्याएका छन् । चितवन खैरहनी नगरपालिका-८ निवासी पाण्डेले १ सय ६८ नम्बरको सपबाट सञ्चालनमा ल्याएको पसलको पाण्डेकी श्रीमती सरु पाण्डेले रिबन काटेर औपचारिक रूपमा समुद्घाटन गरेकी हुन् ।

अल सबिब ट्रेडिङ स्टोरभित्र 'किङ भाइरल मोबाइल सप' पसलको उद्घाटनलगत्तै त्यहाँ उपस्थित पत्रकार लक्ष्मी दर्नालसहित अन्य व्यक्तित्वहरूले व्यावसायिक सफलताको शुभकामना दिँदै कतारमा नेपालीहरूले व्यवसायमा पाएको सफलता आफूहरूका लागि पनि ठूलो प्रेरणा रहेको बताएका थिए । बिहीबारदेखि शनिबारसम्म उद्घाटन सत्र रहने र तीन दिनभित्र पसल भ्रमण गर्ने ग्राहकका लागि विशेष छुट रहेको सञ्चालक पाण्डेले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

पसलमा विभिन्न ब्रान्डका सबै मोडलका मोबाइलहरू, मोबाइलका एसोसरिजसहित विभिन्न ब्रान्डका पर्फ्युम, अत्तर, लेडिज तथा जेन्स वालेट, घडी, विभिन्न इलेक्ट्रिक आइटमहरू, कस्मेटिक सामानहरूसहित भाइरल उजोबाका सामानहरू उपलब्ध रहेका छन् ।


**Karjanha Municipality**
**Office of the Municipal Executive**
**Karjanha, Siraha**

**INVITATION FOR THE BIDS**

**Date of publication: 9th Jan, 2026**

Karjanha Municipality, Office of the Municipal Executive invites sealed bids from eligible bidders under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures. For more details, please visit the website www.bolpatra.gov.np .

| S. N. | Contract Identification No. | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Estimated Cost (Inclusive VAT and PS) | Last date of Bid purchase and Submission |
|---|---|---|---|---|---|---|
| 1 | 01/NCB/W/ KM/2082-083 | Wada no.11 Samudayik bhawanko compound wall nirman karya ra rangarogan karya | 1,60,000.00/- | 3,000.00/- | Rs.68,16,947.23/- | 8th Feb, 2026 on or before 12:00 Noon |

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२५ पुस २०८२ शुक्रबार
9 January 2026 Friday

## सम्पादकीय

# कांग्रेसमा विधिले जितोस्

आन्तरिक लोकतन्त्रको लामो रस्साकस्सीपछि नेपाली कांग्रेस अहिले निर्णायक मोडमा उभिएको छ। विशेष महाधिवेशनको मागसहित सुरू भएको विवाद शक्ति संघर्षमा परिणत भएको छ। पार्टी सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता शेखर कोइरालाले चुनावअघि महाधिवेशन नगर्ने अडान लिइरहँदा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विधानतः विशेष महाधिवेशन बोलाएका छन्। अन्तरसंघर्ष गहिरिँदै जाँदा कांग्रेसमा पार्टी विभाजनको जोखिम पनि बढेको देखिन्छ।

राजनीतिक दलहरू लोकतन्त्रका आधार स्तम्भ हुन्। विधिसम्मत चलेको दलबाट मात्र कानुनी राज्यको अपेक्षा गर्न सकिन्छ। लोकतान्त्रिक आन्दोलनको इतिहास बोकेकै आधारमा मात्र कुनै दल लोकतान्त्रिक भइरहँदैन। उसले आफ्नै घरभित्र लोकतन्त्रलाई कसरी अभ्यास गर्छ, पार्टी सञ्चालन र नेतृत्व चयन कति पारदर्शी एवं प्रतिस्पर्धात्मक छ, अल्पमतको सम्मान छ वा छैन भन्ने कुराले मात्र दलको लोकतान्त्रिक चरित्र निर्धारण हुनुपर्छ। यी मापदण्डमा कसी लगाउने हो भने कांग्रेसले आफ्नो लोकतान्त्रिक छवि गुमाउँदै गएको देखिन्छ। विधानतः तोकिएको समयमा नियमित महाधिवेशन नगर्ने र ५४ प्रतिशत प्रतिनिधिले माग गर्दासमेत विशेष महाधिवेशन नबोलाउनुले कांग्रेस विधिसम्मत ढंगले चलेको छैन भन्ने देखाउँछ। केन्द्रीय कार्यसमितिको बहुमतको बलमा नेतृत्वले आफूलाई विधानभन्दा माथि राखेको देखिन्छ। विधिविपरीतका यस्ता कार्यले कांग्रेसलाई कमजोर मात्र पारेको छैन, चुनावको मुखमा मनोवैज्ञानिक रूपमा चिराचिरा पारेको छ। विशेष महाधिवेशनको माग असन्तुष्टि पक्षको विद्रोहभन्दा ज्यादा आन्तरिक लोकतन्त्रका लागि लिइएको अडान हो। नेतृत्वले जसरी पार्टीलाई विधिविधान मिचेर आफूअनुकूल चलाइरहेको छ, त्यसविरूद्धको विस्फोट हो। मूल पार्टी मात्र होइन्, कांग्रेसका भ्रातृसंस्थामा समेत वर्षौंसम्म महाधिवेशन भएका छैनन्। आफू अनुकूल नहुने ठानेर नेतृत्व चयन रोक्नु, मनोनयन र टिकट वितरणमा आफूखुसी गर्नुलाई नेतृत्वको विशेष अधिकार ठानिँदै आएको छ। जुन लोकतन्त्रसम्मत देखिँदैन।

कांग्रेस नेतृत्वले चार महिनाअघिको जेनजी आन्दोलनमा व्यक्त युवा असन्तोष, कार्यकर्ताको निराशा र निष्क्रियतालाई चटक्कै बिर्सिएको छ। यसले लोकतान्त्रिक आन्दोलन र शासनसत्तामा लामो इतिहास बोकेको कांग्रेसका लागि प्रत्युपादक हुन सक्छ। सार्वभौम महाधिवेशन प्रतिनिधिको मागलाई नजरअन्जाद गर्नुको सट्टा विधिसम्मत ढंगले नै महाधिवेशन गर्नु लोकतान्त्रिक बाटो हो। विधिसम्मत छलफलले पार्टीलाई कमजोर होइन, जीवन्त राख्छ। १४औं महाधिवेशनमा आफैंलाई निर्वाचित गर्ने प्रतिनिधिसँग नेतृत्व तर्सिनुको सट्टा बृहत् छलफलबाट 'कन्भिन्स' गरेर चुनावलगत्तै नियमित महाधिवेशन गर्ने निर्णयसहित विशेष महाधिवेशन टुंग्याउन पनि सकिन्छ। राजनीतिमा अनेक विकल्पहरू हुन्छन्। संवाद, छलफलबाट सही बाटो पहिल्याउन नसक्दा पार्टी विभाजनतर्फ पनि जान सक्छ, त्यसको जिउँदोजाग्दो उदाहरण देउवा स्वयं हुन्। कांग्रेसको अहिलेको संकटको निकास बृहद् छलफल नै हो। महाधिवेशनलाई 'नीति महाधिवेशन' बनाएर हुन्छ कि 'संकल्प भेला', अथवा विशेष महाधिवेशन नै गरेर विधिलाई पालना गर्नुमै कांग्रेसको भलाइ हुने देखिन्छ। कारबाही वा त्यस्तै शक्ति प्रयोग गरेर संकट टार्न खोजिए त्यो दुर्भाग्यपूर्ण हुनेछ। विधिले जिते कांग्रेस बाँच्छ, विधि हाऱ्यो भने २०५९ को इतिहास फेरि नदोहोरिएला भन्न सकिँदैन।

# नेपालमा जलमार्गको सम्भावना

*जलमार्ग विकासले नेपालको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ। अन्य यातायात साधनको तुलनामा यो वातावरणमैत्री र कम खर्चिलो छ।*

अग्रलेख



● गम्भीरबहादुर हाडा

जलमार्ग यातायात भन्नाले नदी, समुद्र र महासागरको प्रयोग गरी गरिने यातायात प्रणाली भन्ने बुझिन्छ। यसको सञ्चालन मुख्यतः दुई प्रकारको हुन्छ- आन्तरिक जलमार्ग र बाह्य जलमार्ग। आन्तरिक जलमार्ग देशभित्रका ठूला नदीहरू प्रयोग गरी एक स्थानबाट अर्को स्थानमा सामान तथा यात्रु ओसारपसार गर्न उपयोग गरिन्छ भने बाह्य जलमार्ग समुद्र र महासागरमार्फत अन्तर्राष्ट्रिय व्यापारका लागि प्रयोग हुने हुन्छ।

नेपालमा जलमार्ग सञ्चालनको सम्भाव्यता अध्ययन गरिएका विभिन्न स्थानहरूमा आवश्यक पूर्वाधार, विशेषतः जेट्टी तथा चार्जिङ सुविधाको व्यवस्था गर्न सकिएमा यातायात विकासमा यो ऐतिहासिक उपलब्धि हुन सक्छ। कृत्रिम रूपमा आवश्यक संरचना निर्माण गरी जलमार्ग सञ्चालन गर्न सकेमा नेपालका लागि वैकल्पिक, किफायती र वातावरणमैत्री यातायात प्रणालीको ढोका खुल्ने निश्चित देखिन्छ। प्रारम्भिक अध्ययनअनुसार कम्तीमा १५-१६ स्थानमा जल यातायात सम्भव देखिएको छ। जलमार्ग विकाससँगै यातायात विस्तार मात्र होइन, विदेशी मुद्रा आर्जन, इन्धन बचत, पर्यटन प्रवर्धन तथा मर्मत-सम्भार लागतमा कमी जस्ता बहुआयामिक लाभ प्राप्त हुन सक्छन्।



नदीहरू प्रकृतिले दिएको स्वाभाविक राजमार्ग हुन्, जसको प्रवाह सधैँ समुद्रतर्फ हुन्छ। हिमालयबाट उत्पत्ति भएका नेपालका असंख्य नदीहरू प्राकृतिक रूपमा गंगा नदी हुँदै बंगालको खाडी र समुद्रसम्म जोडिएका छन्। यही जलमार्ग प्रयोग गरी नेपालले आफ्ना वस्तु निर्यात गर्न, अन्तरदेशीय आवतजावत सहज बनाउन र भूपरिवेष्ठित अवस्थाबाट सिर्जित कठिनाइलाई न्यून गर्न सक्छ। युगौंदेखि प्रकृतिले दिएको यस मार्गको उपयोगमा ढिलाइ गर्नु दीर्घकालीन रूपमा नेपालकै हितविपरीत हुनेछ।

कोशी, गण्डकी र कर्णाली नेपालका प्रमुख नदी प्रणाली हुन्। यी नदीहरू हिमालय क्षेत्रबाट बग्दै तराई हुँदै भारत प्रवेश गरी गंगा नदीमा मिसिन्छन्। सर्भेक्षणका क्रममा भारततर्फ निर्माण भएका पुलहरूको अध्ययन गर्दा हालसम्म कुनै पनि पुल जलमार्ग सञ्चालनका लागि बाधक देखिएका छैनन्। अधिकांश पुलहरूको उचाइ पानी सतहबाट २५-३० फिटसम्म छ, जबकि सम्भावित स्टीमर वा भेसलहरूको उचाइ १८-२२ फिट मात्र हुने देखिन्छ। प्रमुख समस्या भनेको नेपाल-भारत सीमामा अवस्थित कोशी र गण्डक बाँध हो, जसले आन्तरिक जलमार्ग सञ्चालनमा अवरोध सिर्जना गर्छ। तर आवश्यक परे बाँधमा जलमार्गीय संरचना थप्ने वा वैकल्पिक नहर निर्माण गरेर यो समस्या समाधान गर्न सकिन्छ।

नेपालमा जलमार्ग विकासबारे औपचारिक चर्चा छैटौं पञ्चवर्षीय योजना (२०३७-२०४२) देखि सुरु भएको देखिन्छ। त्यसपछिका विभिन्न योजनाहरूमा जल यातायात विकासका नीति र कार्यक्रम समावेश भए तापनि उल्लेखनीय प्रगति हुन सकेन। दशौं योजनादेखि सम्भाव्य क्षेत्र पहिचान, दीर्घकालीन योजना निर्माण र छिमेकी मुलुकसँग समन्वय गर्ने नीति लिइए पनि कार्यान्वयन पक्ष कमजोर नै रह्यो। पछिल्ला योजनाहरूमा पनि आन्तरिक जल यातायात संरचना विकासको कुरा दोहोरिए तापनि ठोस उपलब्धि देखिँदैन।

जलमार्ग विकासले नेपालको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ। अन्य यातायात साधनको तुलनामा जल यातायात वातावरणमैत्री छ, इन्धन खपत कम हुन्छ र दीर्घकालीन मर्मत-सम्भार खर्च पनि न्यून रहन्छ। सडक निर्माणमा हुने ठूलो लगानीको तुलनामा जलमार्गको लागत कम हुने भएकाले सीमित स्रोत भएको देशका लागि यो उपयुक्त विकल्प हो। साथै, नदीमा आधारित जल यातायातले पर्यटन प्रवर्धनमा समेत टेवा पुऱ्याउन सक्छ। जलक्रीडा, नदी यात्रा र प्राकृतिक दृश्यावलोकनले पर्यटकको बसाइ अवधि बढाउन सहयोग पुऱ्याउनेछ।

> *नदीहरू प्रकृतिले दिएका स्वाभाविक राजमार्ग हुन्, जसको प्रवाह सधैं समुद्रतर्फ हुन्छ। यही जलमार्ग प्रयोग गरी नेपालले आफ्ना वस्तु निर्यात गर्न, अन्तरदेशीय आवतजावत सहज बनाउन र भूपरिवेष्ठित अवस्थाबाट सिर्जित कठिनाइलाई न्यून गर्न सक्छ।*

नारायणी र कोशी नदीमा पानीजहाज सञ्चालनको सम्भाव्यता अध्ययन नेपाल र भारतका अधिकारी सम्मिलित संयुक्त टोलीद्वारा सुरु गरिएको छ। पानीजहाज कार्यालय स्थापना भइसकेको सन्दर्भमा यी अध्ययनले कुन क्षेत्रमा, कुन क्षमताका भेसल सञ्चालन गर्न सकिन्छ भन्ने निर्णयमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। नेपाल एक्लैले समुद्रसम्म पहुँच नपाउने भएकाले भारतसँग सहकार्य अपरिहार्य छ। भारतले गंगा नदी प्रणालीमा जल यातायात विस्तारलाई तीव्रता दिइरहेको सन्दर्भमा नेपालका लागि यो अवसर महत्वपूर्ण छ।

दक्षिण एसियामा नदी प्रणालीमा आधारित जलमार्ग विकासमा ठूलो लगानी भइरहेको छ। भारत सरकारले विश्व बैंकको सहयोगमा हल्दियादेखि वाराणसीसम्म १३६० किलोमिटर लामो आधुनिक जल यातायात मार्ग निर्माण गरिरहेको छ। यो मार्ग नेपालको प्रमुख व्यापारिक नाका वीरगन्जसँग नजिक पर्छ। नेपालका प्रमुख नदीहरू गंगा नदीका सहायक भएकाले यो परियोजनाले नेपाललाई पनि प्रत्यक्ष फाइदा पुऱ्याउने सम्भावना छ। विश्व बैंकका अनुसार जलमार्गबाट ढुवानी गर्दा लागत कम, ढुवानी क्षमता बढी र वातावरणीय असर न्यून हुन्छ।

विश्वका अन्य उदाहरणहरू- पनामा नहर, नाइल, डेन्यूब, राइन, याङ्त्से जस्ता नदी प्रणालीहरूले जल यातायातले व्यापार, पर्यटन र औद्योगिक विकासमा कस्तो भूमिका खेल्न सक्छ भन्ने स्पष्ट देखाउँछन्। भूपरिवेष्ठित मुलुक इथियोपियाले नदी प्रणालीमा जल यातायात विकास गरेर विदेशी लगानी आकर्षित गरेको उदाहरण पनि नेपालका लागि प्रेरणादायी छ।

भारतले पश्चिम बंगाल, बिहार र उत्तर प्रदेश क्षेत्रमा जल यातायात विस्तार गरिरहेको सन्दर्भमा नेपालका लागि करोडौं जनसंख्याको बजारमा सहज पहुँचको सम्भावना खुल्नेछ। बीबीआइएन जस्ता क्षेत्रीय संयन्त्रमार्फत सीमा नदीसम्म जलमार्ग विस्तारलाई प्राथमिक एजेन्डा बनाउनु आवश्यक छ। पहाडी नदीहरू मधेसमा प्रवेश गरेपछि समथर भूभागमा बग्ने भएकाले साना तथा मध्यम क्षमताका भेसल सञ्चालन सम्भव देखिन्छ। आधुनिक प्रविधि प्रयोग गरी आवश्यक स्थानमा बाँध तथा संरचना निर्माण गरेर जलमार्ग सञ्चालन गर्न सकिन्छ।

जल यातायात सडक यातायातको तुलनामा किफायती, सुरक्षित र वातावरणमैत्री मानिन्छ। नेपालले २०२७ सालमै पानीजहाज दर्ता ऐन ल्याए पनि व्यवहारिक कार्यान्वयन हुन सकेन। २०७५ सालमा पानीजहाज कार्यालय स्थापना हुनु सकारात्मक कदम हो। अन्तर्राष्ट्रिय समुद्री कानुनअनुसार तटीय राष्ट्रका अधिकार, जलयात्राको स्वतन्त्रता र सहकार्यका सिद्धान्तलाई ध्यानमा राखी नेपालले जलमार्ग विकासलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा अघि बढाउन आवश्यक छ। समग्रमा, जलमार्ग नेपालको भूपरिवेष्ठित अवस्थाबाट उत्पन्न चुनौतीलाई अवसरमा रूपान्तरण गर्ने माध्यम बन्न सक्छ। पर्याप्त राजनीतिक इच्छाशक्ति, छिमेकी मुलुकसँगको सहकार्य र दीर्घकालीन दृष्टिकोणका साथ अघि बढेमा जल यातायात नेपालका लागि वैकल्पिक होइन, आवश्यक राष्ट्रिय पूर्वाधार बन्नेछ।

## इतिहासमा आज



९ जनवरी २०२१ मा श्रीविजय एयर फ्लाइट १८२ इन्डोनेसियाको जकार्ताको उत्तरमा दुर्घटनाग्रस्त हुँदा जसमा सवार सबै ६२ जनाको मृत्यु भएको थियो।



९ जनवरी २०११ मा इरान एयर फ्लाइट २७७ देशको उत्तरपश्चिममा उर्मिया नजिकै हिउँ परेको अवस्थामा दुर्घटनाग्रस्त हुँदा ७८ जनाको मृत्यु भएको थियो।



९ जनवरी २००७ मा एप्पलका सीईओ स्टिभ जब्सले संसारलाई आईफोनको पहिलो झलक देखाएका थिए। आइफोन सार्वजनिक गर्दै डिजिटल दुनियाको सुरुवात भएको बताएका थिए।



९ जनवरी २००५ मा सुडान जनमुक्ति आन्दोलन र सुडान सरकारले दोस्रो सुडानी गृहयुद्ध अन्त्य गर्न व्यापक शान्ति सम्झौतामा हस्ताक्षर गरे।

# विशेष महाधिवेशन : अब बहाना चल्दैन

विचार



● रामप्रसाद पौडेले

> *नेपाली कांग्रेसको विधानले विशेष अधिवेशनलाई अपवादका रूपमा होइन, संकट समाधानका लागि वैधानिक औजारका रूपमा व्यवस्था गरेको छ। यदि विधानमा यस्तो व्यवस्था छ भने यसको प्रयोग नगर्नु कमजोरी होइन, कर्तव्यच्युतता हो।*

नेपाली कांग्रेस आज सामान्य राजनीतिक चरणमा छैन। यो पार्टी आत्ममन्थनको चोकमा उभिएको छ, जहाँ ढिला निर्णय गर्नु भनेको गलत निर्णय गर्नु सरह हुन्छ। संगठनात्मक निष्क्रियता, कार्यकर्ताको निराशा, जनविश्वासको क्षय र स्पष्ट राजनीतिक दिशाको अभाव- यी सबै संकेतहरू कुनै एक व्यक्तिको कमजोरी होइनन्, तर समग्र नेतृत्वगत असफलताको लक्षण हुन्। यस्तो अवस्थामा विशेष अधिवेशनको बहस गर्नु अनावश्यक होइन; बरु ढिला भइसकेको सत्यलाई स्वीकार गर्नु हो।



नेपाली कांग्रेसको विधानले विशेष अधिवेशनलाई अपवादका रूपमा होइन, संकट समाधानका लागि वैधानिक औजारका रूपमा व्यवस्था गरेको छ। यदि विधानमा यस्तो व्यवस्था छ भने यसको प्रयोग नगर्नु कमजोरी होइन, कर्तव्यच्युतता हो। आज नेपाली कांग्रेसभित्र देखिएको अवस्था असाधारण छ, त्यसैले समाधान पनि असाधारण हुनै पर्छ। नियमित महाधिवेशन कुर्ने तर्क अब राजनीतिक रूपमा असान्दर्भिक भइसकेको छ।

पछिल्लो समय भएका विभिन्न निर्वाचनका परिणामले कांग्रेसको सांगठनिक हैसियतमा गम्भीर प्रश्न उठाएको छ। सरकारमा सहभागिता हुँदाहुँदै पनि पार्टीले जनतामाझ स्पष्ट पहिचान बनाउन सकेको छैन। कार्यकर्ता तहमा ऊर्जा छैन, संगठन चलायमान छैन र नेतृत्व निर्णयभन्दा बढी व्यवस्थापनमै अल्झिएको देखिन्छ। यो अवस्था सुधारको संकेत होइन, थाकेको संगठनको चेतावनी हो।

महासमिति बैठक पर्याप्त हुन्छ भन्ने तर्क आफैँमा अपूर्ण छ। महासमिति परामर्शको मञ्च हो, निर्णायक होइन। जब समस्या परामर्शको तह नाघेर विश्वसनीयताको संकटमा रूपान्तरण हुन्छ, तब निर्णय गर्ने सर्वोच्च निकाय आवश्यक हुन्छ। यही आवश्यकता विशेष अधिवेशनले पूरा गर्छ। यसलाई अस्थिरता भन्ने भ्रम फैलाउनु वास्तविक समस्याबाट ध्यान हटाउने प्रयास मात्र हो।

विशेष अधिवेशनले पार्टी फुटाउँछ भन्ने डर पनि वास्तविकतासँग मेल खाँदैन। पार्टी फुट्ने खतरा अधिवेशनबाट होइन, लामो मौनता र निर्णयहीनताबाट पैदा हुन्छ। दबिएको असन्तोषलाई लोकतान्त्रिक प्रक्रियाबाट निकास नदिँदा त्यसले विस्फोटको रूप लिन्छ। विशेष अधिवेशन त्यो विस्फोट रोक्ने संस्थागत उपाय हो।

आर्थिक बोझको बहाना पनि गम्भीरताका साथ पुनरावलोकन गर्नुपर्ने विषय हो। पार्टी संकटमा हुँदा खर्च गर्न नसक्नु बचत होइन, दूरदर्शिताको अभाव हो। संगठन जोगाउने खर्च दीर्घकालीन राजनीतिक लगानी हो। पार्टी कमजोर हुँदै जाँदा हुने क्षति कुनै आर्थिक हिसाबले पूर्ति गर्न सकिँदैन।

अन्ततः प्रश्न नेतृत्व परिवर्तन गर्ने कि नगर्ने होइन। प्रश्न यो हो- पार्टीलाई आत्म समीक्षाको अवसर दिने कि नदिने ? विशेष अधिवेशन नेतृत्व विरोधी कदम होइन; यो नेतृत्वलाई वैधताको पुनःपुष्टि वा सुधारको अवसर दिने लोकतान्त्रिक अभ्यास हो। सक्षम नेतृत्वका लागि यो चुनौती होइन, अवसर हो।

आज विशेष अधिवेशन माग्नु हठ होइन, बाध्यता हो। समयले कांग्रेसलाई निर्णयको घडीमा उभ्याएको छ। अझै विलम्ब गर्नु भनेको संकटलाई संस्थागत गर्नु हो। त्यसैले अब बहस होइन, निर्णय चाहिएको छ। विशेष अधिवेशन बाध्यकारी छ, अपरिहार्य छ र अब गर्नै पर्छ।

**(लेखक पौडेल, प्राविधिक शिक्षा विज्ञ तथा स्वतन्त्र पत्रकार हुन्।)**

## सामाजिक सञ्जाल




**तारानाथ दाहाल**

२०५२मा मनमोहन अधिकारीको अल्पमत सरकारलाई अदालतले हटाएपछि राष्ट्रिय राजनीतिको केन्द्रमा स्थापित गरिएका शेरबहादुर देउवाले संसदीय राजनीतिको कमजोरीहरूमा खेल्दै सिद्धान्तहीन सत्ता अपसंस्कृतिको प्रवर्धन शृंखलामा फेरि प्रतिस्पर्धाहीन दलीय राजनीतिको कुरूपता थोपरेका छन्।



**बिराट अनुपम**

प्रदेश खारेजीको पक्षमा भन्थे रवि। त्यो कोणमा पनि रास्वपामा समानुपातिक मत हाल्ने धेरै थिए। बालेन्द्र पनि प्रदेशको विपक्षमा थिए। अहिले रास्वपाले प्रदेश चाहिन्छ भन्ने लाइन लियो। यसको अर्थ हो- अब प्रदेश चाहिन्न भन्ने मत राप्रपालाई सोलोडोलो जान्छ।



**कृतिका थारू**

एमालेले मदन भण्डारीको नाम बेचेर रुख र हलोमा भोट हाल्यो। यिनीहरू सिद्धान्तवादी हुँदै होइनन्, सत्ता-केन्द्रित व्यापारी हुन्। यिनीहरूको राजनीति राष्ट्र निर्माणमा होइन तर सत्ता कब्जा गरी ब्रह्मलुट गर्नैका लागि हो।



**विश्वरसिंह मेवाहाङ**

सरकारमा दलको मान्छे बस्दैमा केही आपत्ति नै छैन किनकि यो देशको राज्य व्यवस्था नै दलीय हो। तर प्रधानमन्त्रीले दलविहीन नागरिक सरकार बनाउने घोषणा गर्नु भएको थियो। के प्रधानमन्त्री ज्युले आफ्नो घोषणा फिर्ता लिनुहोला ? समस्या यति मात्र हो।

# फ्लु संक्रमणबाट बच्न मन्त्रालयको आग्रह




**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जाडो बढेसँगै इन्फ्लुएन्जा (फ्लु) बाट सुरक्षित रहन आग्रह गरेको छ । मन्त्रालयले जाडो बढेसँगै फ्लु संक्रमण बढ्ने भएकाले बच्न आग्रह गरेको हो ।

जाडो महिनामा धेरै सक्रिय हुने यो भाइरसका कारण शिशुदेखि जवान, अधबैंसे र वृद्धवृद्धा समेत सबै उमेरका व्यक्तिलाई फ्लु लाग्न सक्छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिमा इन्फ्लुएन्जा भाइरस संक्रमणको सम्भावना बढी हुने गरेको बताए ।

फ्लु इन्फ्लुएन्जा भाइरसका कारणले लाग्ने संक्रामक रोग हो । यो भाइरसले सबै उमेरका व्यक्तिलाई फ्लु लाग्न सक्छ। फ्लु भएका अधिकांश व्यक्तिलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधि आवश्यक पर्दैन । दीर्घ रोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लुले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिलाई स्वास्थ्यकर्मीको निगरानीमा राख्न प्रवक्ता डा बुढाथोकीले आग्रह गरे । फ्लु भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ । ती छिटा श्वास लिंदा फोक्सोमा पनि जान सक्छन् । भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक छुँदा पनि फ्लु लाग्न सक्छ । ज्वरो आउनु, टाउको दुख्नु, जीउ र मांसपेशी दुख्नु, खोकी लाग्नु र घाँटी दुख्नु, नाक बन्द हुनु वा सिँगान बग्नु, थकान महसुस हुनु जस्ता लक्षण देखिने गर्दछन् । फ्लु भएका सबैलाई ज्वरो नआउन सक्छ ।

फ्लु भएका बिरामीसँग भौतिक दुरी राख्नुपर्दछ । सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने, खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने, बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्नुपर्दछ । शारीरिक रूपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने गर्नुपर्दछ र हातले आँखा, नाक वा मुख छुने गर्नुहुँदैन ।

# रास्वपाद्वारा उम्मेदवार आकांक्षीलाई सामाजिक सञ्जालमा प्रचारप्रसार गर्न रोक




**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फका आकांक्षी उम्मेदवारहरूलाई सामाजिक सञ्जालमार्फत भइरहेको असमयिक प्रचारप्रसार तत्काल रोक्न निर्देशन दिएको छ। पार्टीको उम्मेदवार छनोट सिफारिस उपसमितिद्वारा जारी सूचनामा औपचारिक रूपमा आवेदन दिएका वा नदिएका केही आकांक्षीहरूले सामाजिक सञ्जालमा आफ्नो उम्मेदवारीको प्रचार गरेको पाइएकाले यस्तो कार्य नगर्न भनिएको छ। नयाँ तथा बाँकी आकांक्षीलाई निरुत्साहित गर्ने भएकाले यस्ता गतिविधि रोक्न र यसअघि सामाजिक सञ्जालमा राखिएका सामग्रीहरू हटाउन निर्देशन दिएको हो। सूचनाअनुसार उम्मेदवारका लागि आवेदन दिने सदस्यले आफ्नो आकांक्षा जनाउन सादा फोटोसहित वा बिना फोटो सामाजिक सञ्जालमा एकपटक मात्र पोस्ट गर्न पाउने व्यवस्था गरिएको छ । त्यसबाहेक थप प्रचारप्रसार गर्न नपाइने स्पष्ट पारिएको छ । यस्तै, प्राइमरी निर्वाचनमा सहभागी हुने हकमा प्राइमरी निर्वाचनसम्बन्धी सूचना प्रकाशित भएपछि मात्र पार्टीको निर्वाचन आचारसंहिता अनुरूप भद्र, मर्यादित र सीमित तरिकाबाट प्रचार-प्रसार गर्न सकिने जनाइएको छ। पार्टीले निर्वाचन आचारसंहिता तथा उम्मेदवार छनोट सिफारिस उपसमितिबाट जारी निर्देशनहरूको पूर्ण पालना गर्न सबै सम्बन्धित सदस्यहरूलाई आग्रह गरेको छ । रास्वपाले आन्तरिक प्रतिस्पर्धालाई मर्यादित र निष्पक्ष बनाउन सो निर्देशन आवश्यक भएको बताएको छ ।

# महोत्तरीका १६३ मतदानस्थल अति संवेदनशील वर्गमा




**महोत्तरी/मस–** महोत्तरीका १६३ वटा मतदानस्थल अतिसंवेदनशील क्षेत्रमा परेका छन् । आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि जिल्लामा २५८ वटा मतदानस्थल कायम गरिएकामा १६३ वटा मतदानस्थललाई अतिसंवेदनशील वर्गमा राखिएको छ ।

त्यसैगरी, ८९ वटा मतदानस्थल संवेदनशील वर्गमा र छ वटा मतदानस्थल सामान्य वर्गमा परेको जिल्लास्थित सुरक्षा संयन्त्रले जनाएको छ ।

महोत्तरीको पूर्व-दक्षिण, दक्षिण र पश्चिम-दक्षिणमा करिब १४ किलोमिटर भूभाग भारतीय सीमावर्ती क्षेत्रसँग जोडिएको र विभिन्न सात वटा पालिकासँग भारतको खुला सिमाना रहेका कारण यहाँका निर्वाचनस्थलमध्ये १६३ वटा अतिसंवेदनशील वर्गमा ८९ वटा संवेदनशील वर्गमा राखिएको छ भने छ वटा निर्वाचनस्थल मात्रै सामान्य वर्गमा परेका छन् । त्यसैगरी, जिल्लामा आउँदो निर्वाचनका लागि ५३६ वटा मतदान केन्द्र कायम गरिएको निर्वाचन अधिकारी रञ्जिता झाले बताइन् । चार वटा निर्वाचन क्षेत्र रहेको महोत्तरीको निर्वाचन क्षेत्र नं १ मा जम्मा ५९ वटा मतदानस्थल र १३० वटा मतदान केन्द्र कायम भएको छ । त्यस्तै, निर्वाचन क्षेत्र नं २ मा ६२ वटा मतदानस्थल र १३३ वटा मतदान केन्द्र कायम गरिएको छ ।

त्यसैगरी, निर्वाचन क्षेत्र नं ३ मा ७७ वटा मतदानस्थल र १४२ वटा मतदान केन्द्र कायम गरिएको छ भने निर्वाचन क्षेत्र नं ४ मा ६० वटा मतदानस्थल र १३१ वटा मतदान केन्द्र कायम गरिएको निर्वाचन अधिकारी झाले बताइन् ।

जिल्ला निर्वाचन अधिकारी झाका अनुसार आउँदो निर्वाचनमा महोत्तरीबाट कूल चार लाख ३१ हजार २८२ जना मतदाताले निर्वाचनमा सहभागिता जनाउने भएका छन् ।


## कतारमा रोजगार

कम्पनी : CALL V SERV SERVICES
पूर्व स्वीकृत मितिः २०८२/०६/०५ चलानी नं.: ६०२४५१५५ L.T. No.: 331322
शहरः DOHA
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Cleaner General | 0 | 4 | स. काममा दक्ष | 1400 | ५५,११८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २ गते (16 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HQ High Quality Overseas Pvt.Ltd.**
License No.: 1269/074/75
Samakhushi, Town Planning, Kathmandu, Tel.: 01-4984853 | 4957168 | 981-5127328 | 985-1206728,
Janakpur : 9817889831 | 9826869372 | 9814884745, Email: hiqualitynepal@gmail.com


## शे-फोक्सुण्डो गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**साल्दाङ, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०९/२५**

यस कार्यालयबाट मिति २०८२।०८।०९ गते मध्यान्ह दैनिक पत्रिकामा र मिति २०८२।०८।१५ गते हिमालय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम तपसिलमा उल्लेखित कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही भइ मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम ऐ. ऐनको दफा ४७ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र. सं. | बोलपत्र/ठेक्का/ प्याकेज नं. | आयोजनाको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.सहित) |
|---|---|---|---|---|
| १ | SPRM/NCB/DOP/ WORKS/2082-083-08 | Lakxit wargaka samudayakaa laagi ek ghar ek sauchalaya nirman ward 1 | Dolpo Nirman Sewa | 2500070.43 |
| २ | SPRM/LISP/NCB/DOP/ WORKS/2082-83-09 | Leje Ra Ruptang Sinchai Pokhari Tatha Tatbandhan Nirman ward-3 | Shelri Dugdra Construction | 6804635.02 |

प्रमुख प्रशासकीय अधिकृत

## काठमाडौं जिल्ला अदालत

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मितिः २०८२/०९/२५**

यस अदालतको सूचना बमोजिम निम्न कार्य गर्नको लागि देहायका बोलपत्रदाताको बोलपत्र स्वीकृत हुने भएकोले सार्वजनिक खरिद ऐन २०६३ , को दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | सूचना मिति | संकेत नम्बर | कामको नाम | स्वीकृत हुने बोलपत्र | कबोल रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०८२।०८।१६ | KDC/NCB/PG/082/83-02 | Supply, Delivery, Installation and Support of IT Equipment | Star office International | ७०६९९४५।०० भ्याट सहित | बोलपत्र |

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०९/२५ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : शाईन हाउजिङग् एण्ड रियलस्टेट प्रा.लि.**<br>दर्ता गर्ने निकाय : कम्पनि रजिष्ट्रार<br>दर्ता नं. : २५४११९/०७७/०७८, दर्ता मिति : २०७७/१०/०५<br>रजिष्टर्ड कार्यालय : काठमाडौं<br>**प्रोप्राइटर : शेख प्रवेज आलम, शाखा कार्यालय : नेपालगंज** |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : शेख प्रवेज आलम**<br>बाबुको नाम : शेख जमालुद्दीन<br>बाजेको नाम : शेख शहिद<br>ठेगाना : कनकपुर - २, रौतहट<br>हाल : नेपालगंज - ७, बाँके<br>ना.प्र.प.नं. : ९५<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०५५/०४/०५ |
| | **२. नाम : बदरुण नेसा**<br>पतिको नाम : शेख प्रवेज आलम<br>ससुराको नाम : शेख जमालुद्दीन<br>ठेगाना : कनकपुर - २, रौतहट<br>हाल : नेपालगंज - ७, बाँके<br>ना.प्र.प.नं. : ३२३०६३/१०७<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/११/१६ |
| | **धितोको विवरण** |
| | शाईन हाउजिङग् एण्ड रियलस्टेट प्रा.लि.को नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता रहेको गनापुर -२, बाँके स्थित कित्ता नं. ३३५ र ३३६ को क्षेत्रफल क्रमशः ३११० र १७५० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | **नाम : मनोज कुमार कुर्मी**<br>बाबुको नाम : मुन्नालाल कुर्मी, बाजेको नाम : केवल राम कुर्मी<br>ठेगाना : अजिगरा - ५, कपिलवस्तु, हाल : कृष्णनगर - ७, कपिलवस्तु<br>ना.प्र.प.नं. : ३८२०६६/१५९५, जि.प्र.का. कपिलवस्तु, जारी मिति : २०६४/११/०१<br>**शाखा कार्यालय : गजेहडा** |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : मुन्नालाल कुर्मी**<br>बाबुको नाम : केवल राम कुर्मी<br>बाजेको नाम : गोकुल कुर्मी<br>ठेगाना : गणेशपुर - ३, कपिलवस्तु<br>हाल : कृष्णनगर - ७, कपिलवस्तु<br>ना.प्र.प.नं. : ३४७०<br>जि.प्र.का. कपिलवस्तु<br>जारी मिति : २०४३/०९/०९ |
| | **२. नाम : विन्द्रावती कुर्मी**<br>पतिको नाम : मुन्नालाल कुर्मी<br>ससुराको नाम : केवल राम कुर्मी<br>ठेगाना : कृष्णनगर - ७, कपिलवस्तु<br>ना.प्र.प.नं. : ३८-०२-७५-०२६५५<br>जि.प्र.का. कपिलवस्तु<br>जारी मिति : २०७५/०७/२६ |
| | **३. नाम : सुमिता देवी कुर्मी**<br>पतिको नाम : मनोज कुमार कुर्मी, ससुराको नाम : मुन्नालाल कुर्मी<br>ठेगाना : अजिगरा - ५, कपिलवस्तु, हाल : कृष्णनगर - ७, कपिलवस्तु<br>ना.प्र.प.नं. : ३८२०६६/२५७९, जि.प्र.का. कपिलवस्तु, जारी मिति : २०६५/०७/०७ |
| | **धितोको विवरण** |
| | मनोज कुमार कुर्मिको नाममा मालपोत कार्यालय कपिलवस्तुमा दर्ता रहेको लालपुर - ७ क, कपिलवस्तु स्थित कित्ता नं. ७३२ को क्षेत्रफल ०-४-१३-० (विघा) को जग्गा, सो जग्गामा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ माघ २ गते शुक्रबार १२:०० बजे सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ माघ २ गते शुक्रबार २:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालयः**
**सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

## मनहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**रजैया, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मितिः २०८२/०९/२५**

यस मनहरी गाउँपालिका अन्तरगत ठेक्का नं **BLDG/NCB/MAN-05/082-83** मनहरी गाउँपालिकाको **Construction of Manahari Ward no 03 Office Building** निर्माण कार्यको लागी मिति २०८२/०८/०१ गते प्रकाशित सूचना अनुसार समय सिमा भित्र दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार मूल्यांकन समितिबाट मूल्याङ्कन गरी सारभुत रुपमा प्रभावग्राहि भनि स्वीकृतिको लागी सिफारिस भए अनुसार तपशीलको बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागी छनौट गर्ने निर्णय भएकोले स्वीकृत बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०८२/१०/०२ गते यस मनहरी गाउँपालिकाको कार्यालयमा दिउसो १:०० बजे खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशील**

| S. N. | Name of Bidder | Address |
|---|---|---|
| 1 | Prayash Construction Pvt. Ltd | 04,sitapaila,kathmandu,nepal, prayashconstruction.4@gmail.com phone: 9851200914 |
| 2 | Pindeshwori Construction Company Pvt. Ltd. | Lalitpur Metropolitan City, Lalitpur-14 Thasikhel pindeshwori1@gmail.com, phone: 97715193703 |
| 3 | TARUN/ RRA/ MAHA RUDRA JV | Makwanpur Manahari Rural, Municipality 06 phone: 9855033838 |
| 4 | Udaya Nirman Sewa | Siran Bazar phone: 9851108729 |
| 5 | Siraichuli Nirman Sewa | Kalika-7, Chitwan phone: 9849726949 |
| 6 | RN-NIHARIKA-APR JV | Harnamadi-7 Harnamadi-18 phone: 9855067795 |
| 7 | Dolpa Hirachan-Budha Laxmi JV | 9851034782, yubarajhirachan@gmail.com, phone: 9841052265 |

प्रमुख प्रशासकीय अधिकृत

# घोषणापत्रमा मानवअधिकारका विषय समावेश गर्न आग्रह




**काठमाडौं/मस–** राष्ट्रिय मानव अधिकार आयोगले राजनीतिक दललाई चुनावी घोषणापत्रमा मानव अधिकारका विषय समावेश गर्न आग्रह गरेको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले बिहीबार जारी गरेको विज्ञप्तिमा हरेक राजनीतिक दलको प्रतिबद्धताका रुपमा सम्बन्धित दलबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धनको गर्न आग्रह गरिएको छ ।

आयोगले विगतमा कतिपय दलहरुले आफ्ना घोषणापत्रमा मानव अधिकारका विषयलाई समावेश गरी मानव अधिकारप्रतिको आफ्नो प्रतिबद्धता कार्यान्वयन गरेकामा त्यसको सराहना गर्दै दलका आगामी घोषणापत्रमा अझ स्पष्टताका साथ मानव अधिकारका विषय समावेश हुनेमा आयोगले विश्वास लिएको छ ।

'नेपालको संविधान, राजनीतिक दलसम्बन्धी ऐन तथा नेपालको अन्तरराष्ट्रिय प्रतिबद्धताअनुरुप उच्च महत्व र प्राथमिकताका साथ मानव अधिकारका विषयलाई समावेश गर्न र निर्वाचन सम्बन्धमा यसअघि आयोगले गरेका सिफारिसको कार्यान्वयन गर्न आयोग सम्पूर्ण राजनीतिक दलहरूलाई पुनःआग्रह गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

मानव अधिकार तथा मौलिक हकको सम्मान, संरक्षण र सम्वर्द्धन गर्दै देशलाई समुन्नत बनाउने राज्यको दायित्व भएको र त्यसलाई कार्यान्वयन गर्न सरकार सञ्चालन गर्ने राजनीतिक दलको अहम् भूमिका रहेको आयोगले उल्लेख गरेको छ । आयोगले मानव अधिकारको संरक्षण र सम्वर्धनमा राजनीतिक दलको भूमिका महत्वपूर्ण हुने विषय पटकपटक स्मरण गराउँदै आएको छ ।

आगामी फागुन २१ का लागि प्रतिनिधिसभाको निर्वाचन घोषणा भएका सन्दर्भमा आयोगले आसन्न निर्वाचनको अनुगमनको तयारी गरिरहेको र विगतका निर्वाचनमा आयोगले अनुगमन गरी नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल, सञ्चारकर्मी, अनुगमनकर्ता र पर्यवेक्षकलाई सुधार गर्नुपर्ने विषयमा विभिन्न सिफारिसहरु गर्दै आइरहेको जनाएको छ ।

मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा राजनीतिक दलको महत्वपूर्ण भूमिका हुने भएकाले आफ्ना घोषणापत्रमा मानव अधिकारका विषय समेटी त्यसको कार्यान्वयको सुनिश्चितताका लागि प्रतिबद्धता जाहेर गर्न आयोगको अनुरोध छ ।

आयोगले भनेको छ, 'नेपालको संविधानले आत्मसात् गरेको लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार र आवधिक निर्वाचनसमेतका माध्यमबाट नागरिकको मानव अधिकारको उपभोगको सुनिश्चिता गर्न राजनीतिक दलकोसमेत अहम भूमिका रहने आयोग सबै दलहरुलाई पुनःस्मरण गराउँदछ ।'

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २० अनुरुप दलहरुले आफ्ना क्रियाकलापलाई मानव अधिकारमैत्री बनाउन घोषणापत्रमा मानव अधिकारका विषयवस्तु समावेश गर्नुपर्ने आयोगको भनाइ छ । संविधानले अवलम्बन गरेको मानव अधिकार, मौलिक हक, निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयनको दायित्व राज्यका साथै सरकार सञ्चालनमा संलग्न दलहरुमा रहन्छ ।

प्रतिनिधिसभाको निर्वाचनका सन्दर्भमा राजनीतिक दलबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानव अधिकारका विषय समावेश गर्न आयोग निर्वाचनमा भाग लिने सबै दललाई आग्रह गरेको छ । यस सम्बन्धमा आयोगले राजनीतिक दलहरुलाई पत्राचारसमेत गरेको जनाएको छ ।

# जय बागेश्वरीका ७५ घरलाई मल्लकालीन शैलीमा रूपान्तरण गरिँदै



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले जय बागेश्वरी क्षेत्रका ७५ घरलाई मौलिक स्वरूपमा रूपान्तरण गर्ने प्रक्रिया थालेको छ ।

कामपा-८ मा पर्ने उक्त क्षेत्रमा बोलपत्रमार्फत निर्माण पक्ष छनोट गरेर नौ करोड चार लाख ८९ हजार ३७७ रुपैयाँ सम्झौता गरी काम अघि बढाइएको छ । यस योजना अन्तर्गत जय बागेश्वरी मन्दिरदेखि सेतोढोकासम्मको २९० मिटर सडक दायाँबायाँका घरहरुको सडकतर्फको मोहडालाई रूपान्तरण गरेर मल्लकालीन वा राणाकालीन स्वरुप प्रदान गरिने कामपाका सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतले जानकारी दिए ।

स्वामित्वका हिसाबले व्यक्ति वा संस्था जसको भए पनि इतिहासको निश्चित समयावधिमा काठमाडौं उपत्यकाभित्र विकास भएका वास्तु शैलीलाई परम्परागत मानिएको छ । यसमा मल्लकालदेखि राणा कालसम्मका संरचना पर्छन् ।

वडा नं ८ का अध्यक्षसमेत रहेका संगतले भने, 'मल्लकालीन शैलीमा घरको पेटी, कार्नेस, बलैंसी, पाखा वा पाली, झिँगटीको छानो जस्ता भाग राखिनेछ । घरको गारोमा प्रयोग गरिएका इँटा बाहिरबाट देखिने खालका हुन्छन् । एकमुखे, तीनमुखे, पाँचमुखे गरी बिजोर कुँदिएका बुँट्टेदार परम्परागत झ्यालहरू राखिने छन् ।'

यस क्षेत्रमा सडकसँग करिब २५० घर जोडिएका छन् । तीमध्ये सडक वा खुला ठाउँबाट देखिने घर अगाडिको भागकोस्वरुप परिवर्तन गर्न लागिएको संगतले जानकारी दिए ।

यी घरहरुसँग यही सडक खण्डभित्र सेतो ढोका (टुयु ध्वाखा), ढोकासिंह नरसिंह फल्चा, ताम्रेश्वर फल्चा, ताम्रेश्वर महादेव मन्दिर, मन्दिर परिसरमा परम्परागत इनार, ढोका छेँ फल्चा, बच्छलेश्वरी डवली फल्चा, मूर्तिसहितको गम्ती महादेव मन्दिर, मन्दिर परिसरमा परम्परागत इनारसहित धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्वका संरचना छन् । कुमारी द्यः दुद्ध स्तुप, रामलंका फल्चा, नवग्रह मूर्ति, मठा फल्चा, मृत्युञ्जय महादेव, ब्रह्मा मन्दिर, नरसिंह भगवान मन्दिर, नवदूर्गा फल्चा, नवदूर्गा डवली, जयबागेश्वरी मन्दिर, सुन्धारालगायत स्थानीय जनजीवन, आस्था र श्रद्धासँग जोडिएका मूर्त सम्पदा छन् ।

यो लिच्छवीकालीन सहर हो । यही प्राचीनतालाई कायम राखेर मौलिकस्वरुप पुस्तान्तरण गर्नु योजनाको मुख्य उद्देश्य हो । यस क्रममा वडाले करिब तीन रोपनी क्षेत्रफलमा फैलिएको यःपुखु (मनपर्ने पोखरी) पुनर्निर्माण गर्दैछ ।

कामपा क्षेत्रभित्रका ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा वास्तुकलात्मक महत्वका परम्परागत शैलीका निजी तथा संस्थागत स्वामित्वका भवनको स्वरूपलाई कायम राख्न कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो ।

**Malaysia मा रोजगार** Monarch Security Force Sdn. Bhd.

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/६/२७ चलानी नं. ६०२४६०६७ LT No.: 332376

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security | 10 | 0 | [illegible] | 1700 | ६०,२९०१- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

अन्तरवार्ता २०८२ माघ २ गते (16 Jan., 2026) यस प्रा. लि. को कार्यलय महालक्ष्मीस्थान, ललितपुरमा हुनेछ ।

Takura Overseas Pvt. Ltd.
Govt. Lic. No.: 1538/078/079
Mahalaxmisthan-15, Lalitpur, Tel : 01-4529674, 4529675
Email: sd.takuraoverseas@gmail.com

## सामाजिक विकास कार्यालय, कञ्चनपुर

### E-Bidding मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२५**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलको निर्माण कार्य गर्नुपर्ने भएको हुँदा इच्छुक र इजाजत प्राप्त प्राप्त फर्म/कम्पनीले रितपूर्वक बोलपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि website:bolpatra.gov.np/egp हेर्न सकिनेछ ।

| S. N. | Contract Identification Number | Description of Work | Total Cost Including VAT & PS (NRs) |
|---|---|---|---|
| 1 | SDO/Kan/NCB/ Works/02/2082-083 | Construction of Four Room School Building, Shanti Niketan Secondary School, Bhimdatt Municipality -06, Kanchanpur | 55,07,492.04 |
| 2 | SDO/Kan/NCB/ Works/03/2082-083 | Construction of physical Infrastructure (Boundary Wall) Krishna Secondary School Shuklaphanta-10, Kanchanpur | 29,21,080.072 |
| 3 | SDO/Kan/NCB/ Works/04/2082-083 | Construction of Two Room School Building (First Floor), Bhrikuti Secondary School Bhimdatt Municipality -04 Kanchanpur | 24,03,032.52 |
| 4 | SDO/Kan/NCB/ Works/05/2082-083 | Construction of Two Room School Building (First Floor), Janaki Kanya Secondary School Bhimdatt Municipality -04 Kanchanpur | 24,03,032.52 |

**कार्यालय प्रमुख**

## Sigas Rural Muncipality
## Office of The Rural Municipal Executive

**Garje, Baitadi**
**Sudurpaschim province, Nepal**

### Invitation for Sealed Quotations

**Date of publication: 2082-09-25 (Jan 9, 2026)**

1. The Sigas Rural Municipality invites sealed quotations for the following two projects through Ebidding Process.
2. Eligible Bidders may obtain further information at our office website at sigasmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np
3. Bidders should deposit the cost of bidding document in the following account
   Name of the Bank: Agricultural Development Bank, Sigas Branch Baitadi. Name of Office: Sigas Rural Municipality
   Office Account no.: 0826601983059031 (Aantarik Rajaswa khata)

**Details of work**

| S.n | Contract no | Description of work | Estimated WITH VAT Amount (Nrs) | Bid Security Amount (Nrs) | Bid submission last date | Bid Open date and time |
|---|---|---|---|---|---|---|
| 1 | SRM/SQ/SVM-04/2082/83 | Supply & Delivery of Veterinary Medicine in SIgas, Baitadi | 7,99,996.23 | 18,000.00 | 2082/10/11 (Jan 25, 2026) 12:00 am | 2082/10/11 (Jan 25, 2026) 2:00 pm |
| 2. | SRM/SQ/SEW-05/2082/83 | Supply & Delivery of Electric Wiring in Sigas RM, ward 6, Baitadi | 12,41,545.05 | 30,000.00 | 2082/10/11 (Jan 25, 2026) 12:00 am | 2082/10/11 (Jan 25, 2026) 2:30 pm |

**Chief Administrative Officer**

## लालझाडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**शंकरपुर, कञ्चनपुर**
**स्था. २०७३**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्रको आशय पत्र सम्बन्धी सूचना

**प्रकाशित मिति २०८२/०९/२४**

यस लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०८२/०८३ अन्तर्गत तपशिल बमोजिमका कार्यका लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनानुसार न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का न. | कामको बिबरण | फर्मको नाम | कबोल अंक (रू) |
|---|---|---|---|
| LAL/W/NCB/2082/083-05 | Construction of Black Top Gadbhijla Taal Road Laljhadi-05. | Nanan-dev Builders and consultancy Pvt. Ltd. Jayprithvi-10, Tikhadhunga Bajhang | 53,37,353.0 |

**प्रमुख प्रशासकीय अधिकृत**

## अमरगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**डडेल्धुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/०९/२५**

देहायको निर्माण कार्यको लागि दर्ता भएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्रपत्रदाताको कबोल अङ्क सारभूत रूपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

| सि.नं. | बोलपत्र नं. | आयोजनाको नाम र ठेगाना | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (VAT र PS बाहेक) |
|---|---|---|---|---|
| 1. | AM/DDL/WORKS/ NCB/04-2082/ 83 | Ugratara Bed Bidhya Ashram Maa Baal Maitri Purwadhar Bikash Amargadhi Municipality ward no.08, Dadeldhura | D.N. Engineering Pvt. Ltd., Amargadhi Municipality 05, Dadeldhura | 17,34,557.50 (Seventeen lakhThirty four Thousand five hundred fifty seven rupees and fifty paisa only) |
| 2. | AM/DDL/WORKS/ NCB/05-2082/083 | Amargadhi Municipality Dekhi Silingdhara Samma Sadak Nirman, Amargadhi 05 Dadeldhura, Dola Manana Radee Gaun Sadak Starunnati, Amargadhi 10 & 11 & Daha Bheta Sadak, Amargadhi 01, Dadeldhura | Janakgoma Nirman sewa, Amargadhi Municipality 07, Dadeldhura | 27,50,082.40 (Twenty Seven lakh Fifty Thousand Eighty two rupees and forty paisa only) |
| 3. | AM/DDL/WORKS/ NCB/06-2082/083 | Raduwa Gaad, Jharta Dola Hudai Manana Road Construction & Maintenance work Ward No. 10, 01 & 11, Dadeldhura | Janakgoma Nirman sewa, Amargadhi Municipality 07, Dadeldhura | 35,88,276.60 (Thirty five lakh Eighty Eight Thousand Two hundred Seventy Six rupees and Sixty paisa only) |

# दाङ-अर्घाखाँचीबीच नदीजन्य पदार्थ व्यवस्थापनमा सहकार्य गर्ने सहमति



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २४ पुस

अर्घाखाँचीको रातामाटामा दाङ र अर्घाखाँची जिल्लाबीच नदीजन्य पदार्थको दीर्घकालीन र दिगो व्यवस्थापनबारे उच्चस्तरीय समन्वय बैठक सम्पन्न भएको छ। बैठकमा दुवै जिल्लाका स्थानीय तह, सुरक्षा निकाय, प्रशासनिक अधिकारी, प्राविधिक, पत्रकार तथा सरोकारवालाको व्यापक सहभागिता रहेको थियो।

शितगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाका अनुसार, बैठकमा गढवा गाउँपालिका, शितगंगा नगरपालिका र राप्ती गाउँपालिकाबीच नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्दा सिँचाइ प्रणाली, भौतिक संरचना र वातावरणमा असर नपुग्ने गरी वैज्ञानिक र कानुनी मापदण्ड अपनाउने सहमति भएको छ।

बैठकको अध्यक्षता जिल्ला समन्वय समिति-दाङका प्रमुख नित्यानन्द शर्माले गरेका थिए भने प्रमुख अतिथि अर्घाखाँची जिल्ला समन्वय समितिका प्रमुख जिवनारायण कोइराला रहेका थिए। बैठकमा शितगंगा नगरपालिकाका प्रमुख छविलाल पौडेल, अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदी, दाङका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल, राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश बिष्ट, गढवा गाउँपालिकाका अध्यक्ष प्रकाश बिष्ट, उपाध्यक्ष शारदापति चौधरी, कमलापति चौधरी लगायत दुई जिल्ला र तीन स्थानीय तहका प्रतिनिधिहरू उपस्थित थिए।

बैठकका क्रममा दुवै जिल्लाले नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्दा सिँचाइ आयोजनाको दीगो संरचना र कृषि प्रणालीमा नोक्सानी नहुने गरी अघि बढ्ने सैद्धान्तिक सहमति गरे। प्रगन्ना सिँचाइ आयोजना ठुलो लगानी भएको परियोजना भएकाले सानो आर्थिक लाभका लागि जोखिम मोल्न नहुने विषयमा छलफल भएको थियो। साथै, वातावरणीय अध्ययन (आइइई) गर्दा स्थानीय सरोकारवालाको उपस्थिति अनिवार्य गरिनुपर्ने र उत्खनन सिँचाइ नियमावलीअनुसार हुने भन्ने विषयमा स्थानीयवासीले जोड दिएका थिए।

गढवा गाउँपालिकाकी उपाध्यक्ष शारदाकुमारी चौधरीले सीमाना विवाद समाधान नगरी ठेक्का प्रक्रिया अघि बढाउँदा समस्या बढ्ने भएकाले सतर्क रहनुपर्ने बताइन्। उनले रङ्गसिङ्ग संगमस्थल नजिकका सिँचाइ प्रणाली जनजीवनसँग प्रत्यक्ष जोडिएको हुँदा अनुगमन, मापदण्ड पालना र वैज्ञानिक उत्खनन अपरिहार्य रहेको स्पष्ट पारेकी छन्। यसैअनुरुप, यस वर्ष गढवाले उत्खनन र आइइई दुवै नगर्ने निर्णय गरेको बैठकमा जानकारी दिइयो।

शितगंगा-९ का वडाध्यक्ष भीमबहादुर केसीले विगतमा मापदण्ड उल्लंघन भएका घटनाको स्मरण गर्दै एकै स्थानमा फरक व्यवहार हुने समस्या उठाए। उनले कृषि र सिँचाइलाई पहिलो प्राथमिकतामा राख्दै रङ्गसिङ्ग संगमस्थल संरक्षणका लागि ठेक्का नलगाउने प्रस्ताव राखे। प्राविधिक प्रतिवेदन र कानुनी मापदण्डको आधारमा मात्र काम अघि बढाउनुपर्ने उनको जोड थियो।

गढवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद पौडेलले अवैध उत्खनन रोक्न क्रसर उद्योग नजिक नगरप्रहरी र हेरालु परिचालन गरिएको जानकारी दिए। उनले ठेक्का अघि सीमा विवाद समाधान गर्नु आवश्यक रहेकोमा पनि जोड दिए।

पत्रकार महासंघ अर्घाखाँचीका अध्यक्ष गणेश खनालले वातावरणीय अध्ययन र प्राविधिक प्रतिवेदनको आधारमा मात्र ठेक्का दिनुपर्ने सुझाव दिए। शितगंगा नगरपालिकाका प्रमुख छविलाल पौडेलले स्थानीय तह निर्वाचनपछि ठेक्का प्रक्रिया अझ जटिल बन्न थालेको र उजुरीको शृंखला रोक्नुपर्ने आवश्यकता औंल्याए।

दुई जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले पनि विवाद उत्पन्न नहुने गरी सहकार्य गर्नुपर्नेमा जोड दिए। दाङका प्रमुख जिल्ला अधिकारी अर्यालले परिणाम, दर र टेन्डर एकैसाथ तय गर्दा समस्या बढ्न सक्ने भन्दै ओभर डिपोजिट क्षेत्रबाट मात्र उत्खनन गर्ने र तीन स्थानीय तहले साझा ठेक्का आह्वान गर्नुपर्ने बताए। राप्ती गाउँपालिकाका अध्यक्ष बिष्टले सिँचाइ बिग्रने, खेती बाँझो हुने र पूर्वाधार नष्ट हुने अवस्था आए आय ठेक्का नलगाएर आवश्यक परे ड्याम निर्माणमा पहल गर्नुपर्ने बताए।

बैठकपछि अर्घाखाँचीबाट आएको टोलीले स्थलगत अनुगमनसमेत गरेको छ। शितगंगा प्रमुख प्रशासकीय अधिकृत सापकोटाका अनुसार बैठकले नदीजन्य पदार्थ व्यवस्थापनलाई केवल राजस्वको विषय नभई वातावरण, सिँचाइ, कृषि र नागरिक जीवनसँग जोडिएको साझा सरोकारको रूपमा लिनुपर्ने सन्देश दिएको छ।

अर्घाखाँची प्रमुख समन्वयकर्ता कोइरालाले आइइई प्रतिवेदन तयार भएपछि पुनः समन्वय बैठक बस्ने जानकारी दिए। यसले भविष्यमा ठेक्का व्यवस्थापनमा वैज्ञानिक, कानुनी र पारदर्शी प्रक्रिया सुनिश्चित गर्ने विश्वास गरिएको छ।

# सल्यानमा बढे मतदाता

**सल्यान/मस–** आउँदो फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि सल्यान जिल्लामा एक लाख ६२ हजार चार सय ४९ जना मतदाता कायम भएका छन्। जिल्ला निर्वाचन कार्यालयका अनुसार यो संख्या प्रतिनिधिसभा सदस्य निर्वाचन-२०७९ को तुलनामा चार हजार सात सय ४९ ले वृद्धि भएको हो।

